नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## निजी क्षेत्रले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याएको छ : सभापति देउवा



पृष्ठ ५ मा

● वर्ष ३ ● अंक १६५ ● २०८२ साल वैशाख १६ गते मंगलबार ● Tuesday 29, April 2025 ● सूर्योदय: बिहान ५:२८ बजे ● सूर्यास्त: साँझ ६:३७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# बन्दरगाहबाट हुने ढुवानीमा पारवहन खर्च कम गर्न निजीक्षेत्रको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय बन्दगाहमार्फत भइरहेको आयातनिर्यातमा सरकारले लजेस्टिक कस्ट (पारवहन खर्च) कम गर्न पर्ने निजी क्षेत्रको माग छ । सोमबार भारत, कोलकत्तामा नेपाली महावाणिज्य दूतावास वीरगंजले गरेको व्यापार र पारवहन सम्बन्धमा नेपाल र भारतका सरोकारवालाबीचको अन्तरक्रियामा नेपाली आयातकर्ताले ढुवानी लागत घट्नु पर्नेमा बढ्दो क्रममा रहेकामा ध्यानाकर्षण गराए ।
नेपालले भारतीय बन्दरगाहबाट सामान ढुवानीका लागि आफ्नै रेल्वे ¥याक सञ्चालनमा पनि निजीक्षेत्रको सुझाव थियो । नेपाली आयातकर्ता भारतीय रेल्वे ¥याकमै निर्भर रहँदा पारवहन खर्च बढी पर्न गएको उनीहरुको अनुभव थियो । पारवहन खर्च घटाउन नेपाल सरकार वा नेपालको निजी क्षेत्रले भारतीय बन्दरगाहबाट नेपालको सीमाविन्दुसम्म आफ्नै रेल्वे ¥याक चलाउनु पर्ने बताइएको थियो ।
नेपाल ट्रेड एसोसियसनका वरिष्ठ उपाध्यक्ष नरेश अग्रवालका अनुसार, भारतीय रेल्वे ¥याकमै निर्भर रहँदा भारतीय पोर्टमा भनेका बेला रेल्वे ¥याक नपाइँदा सामान अड्किएर लागत बढेको हो । यसले नेपाली मुद्रा पनि ठूलो परिमाणमा विदेशिइरहेको छ । वीरगंज उद्योग वाणिज्य संघका प्रशासकीय अधिकृत मनोज खतिवडाले नेपालको आफ्नै रेल्वे ¥याक सञ्चालन गर्नसके ढुवानी लागत कम पर्न जाने बताए । 'भारतीय रेल्वे ¥याक चलाउनेको मनोमानी छ,' उनले भने, 'कोलकत्ता बन्दरगाहमा नेपालका लागि आयात गरिएका सामान मुख्य प्राथमिकतामा पर्दैनन् ।' नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले कोलकत्ता बन्दरगाहमा आइपुग्ने नेपालका सामान ढुवानीका लागि नेपालका ट्रक र लरी त्यहाँसम्म जान पाउनुपर्ने माग राखे । '२० वर्षअघिसम्म नेपालका ट्रक कोलकत्ता बन्दरगाहसम्म पुगेर नेपालका सामान ल्याउँथे,' उनले भने, 'अचेल नेपालका ट्रक त्यहाँसम्म जान पाउँदैनन्, कोलकत्ता बन्दरगाहसम्म नेपाली ट्रक आउन पाए ढुवानी खर्च कम हुन्छ ।'
वीरगंज उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष माधव राजपालले वीरगंज, भैरहवा र विराटनगरमा सिपिङ लाइन कम्पनीको स्थायी कार्यालय सञ्चालन हुनुपर्ने बताए । उनले भने, 'नेपालमा उनीहरुको कार्यालय नहुँदा बैंकमार्फत भुक्तानी रकम पठाँउदा समय बढी लाग्ने गरेको छ ।'
राजपालले वीरगंजको सीमावर्ती रक्सौल आइसिपी बिहान ६ बजेदेखि नै सञ्चालन हुनुपर्ने माग गरे । आइसिपीमा कार्गो आइसकेपछि आइसिपी सञ्चालक कम्पनीले विभिन्न शीर्षकमा शुल्क लगाउँदै आएकाले लागत खर्च बढ्ने गरेको उनको भनाइ थियो ।
सिपिङ लाइन कम्पनीका प्रतिनिधि मिलन कर्मचार्यले नेपालले पनि सिपिङ लाइन कानून बनाउनुपर्ने बताए । वीरगंज सुक्खा बन्दरगाह भन्सार एजेन्ट संघका अनिल पटेलले वीरगंजमा रहेका सिपिङ लाइन कम्पनीका स्थानीय प्रतिनिधिरुले अतिरिक्त रकम असुल्दै आएको गुनासो गरे ।
नेपाल फ्रेड फर्वाड एसोसियसनका अध्यक्ष राजेन्द्र संग्रौलाले सिपिङ लाइनले प्रयोग गर्ने कन्टेनर, टेलरलाई ढुवानीको साधन नमान्नेसम्बन्धी विधेयक सरकारले ल्याएको र विधेयक पारित गराउन सरोकारवाला पक्षको सहयोग आवश्यक रहेको बताए । कर्यक्रममा कोलकत्तास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदुत झक्क प्रसाद आचार्यले निजी क्षेत्रका अगुवाले राखेको गुनासो र सुझावप्रति गम्भीर रहेको बताए । आचार्यकै अध्यक्षता तथा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।



**मुख्यमन्त्री सिंहसँग सात प्रदेशका भौतिक पूर्वाधार मन्त्रीः**
*महोत्तरीको बर्दिबास नगरपालिका–४ मा सोमबार मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा आयोजित 'सङ्घीयतामा पूर्वाधार विकासको महत्त्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता' विषयक अन्तरक्रियामा सहभागी मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलगायत सात प्रदेशका भौतिक पूर्वाधार मन्त्रीहरू । तस्बिर : सञ्जीतकुमार मण्डल–रासस*

# ईँटाभट्टाको खाल्डोमा डुबेर दुई बालिकाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका वडा नम्बर–५ बहुअर्वामा ईँटा भट्टाको खाल्डोमा जमेको पानीमा डुबेर दुई बालिकाको मृत्यु भएको छ ।
सोमबार दिउँसो बाख्रा चराउन गएका समयमा हिरा ईँटाभट्टा उद्योग नजिक रहेको माटो निकालिएको खाल्डोमा जमेको पानीमा डुबेर दुई बालिकाको मृत्यु भएको हो । स्थानीय रुस्तम मियाँकी ५ वर्षीया छोरी नेहा खातुन र मुख्तार मियाँकी ५ वर्षीया छोरी अफसाना खातुनको डुबेर मृत्यु भएको हो ।
स्थानीयले घटनापछि ईँटा उद्योगको लापरवाही भन्दै आक्रोश व्यक्त गरे । 'गाउँघरमा जो कोही पनि खेतबारीतिर जान्छन् । माटो खनेपछि त्यसलाई व्यवस्थित गर्नुपथ्र्यो, तर उद्योगले बेवास्ता ग¥यो,' स्थानीयले भने, 'अनाहकमा दुई निर्दोष बालिकाले ज्यान गुमाउनु परेको छ । दोषीलाई कारबाही गरिनु पर्छ ।'
डुबेर घाइते भएका दुवैलाई तत्कालै उपचारका लागि वीरगंजस्थित नारायणी अस्पताल ल्याइएको र उपचारक्रममा दुवैको ज्यान गएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# फेरि अर्की आमाले बच्चासहित गरिन् विषसेवन, बच्चाको मृत्यु

**मनोज माझी**
**राजविराज ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममै ९ महिनाको गर्भ रहेको अवस्थामा तीन बच्चालाई विषय सेवन गराएर आफूले पनि विष खाएर चार जनाको ज्यान गएको तीतो घटना नसेलाउँदै सप्तरीमा अर्की महिलाले पनि यस्तै गरेकी छिन् । घटनामा बच्चाको मृत्यु भएको छ ।
घरायसी विवादमा राजविराज नगरपालिका वडा नम्बर १ चनौराका अनिल कुमार साफीका २५ वर्षीया पत्नी काजल देवीले घरायसी विवादमा कीरा मार्ने विषादी छोरालाई खुवाएर आफूले पनि खाएकी छिन् ।
विष खाएपछि सिकिस्त ४ वर्षीय छोराको स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारका लागि लगिएको र सम्भव नभएपछि थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हुँदै विराटनगरस्थित नोबेल अस्पताल पु¥याइएकोमा उपचारक्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।
विष सेवनबाट काजल सिकिस्त रहेको र उनको उपचार नोबेल अस्पताल विराटनगरमा भइरहेको प्रहरीले जनाएको छ । घरायसी विवादका कारण घटना भएको पाइएको छ ।

# १८ अर्ब ठगीमा मधेशकै बढी



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ११ जिल्लाबाट अवैध वित्तीय कारोबारमा संलग्न २१ आरोपी समात्दा अधिकांश मधेश प्रदेशका परेका छन् । भन्सार चोरी पैठारी, सुनको अवैध कारोबार र करछलीलगायतमा प्रकरणमा उनीहरु समातिएका हुन् । उनीहरुले १७ अर्ब ८६ करोड ७० लाख ३९ हजार १ सय ७ रुपैयाँ बराबरको अवैध कारोबार गरेको सिआइबीको दाबी छ । व्यक्तिगत तथा संस्थागतरुपमा अवैध कारोबारबापत प्राप्त गरेको गैरकानूनी रकम डिजिटल वालेट (सजिलो पे र पेवेल नेपाल) कम्पनीको नाममा नेपालमा विभिन्न बैंक खातामा जम्मा गर्न मनी म्युल परिचालन गरेको सिआइबीको दाबी छ । नगद रकम खातामा प्लेसमेन्ट गरी विभिन्न रेमिट्यान्स भुक्तानी गर्ने कम्पनीले डिजिटल वालेट कम्पनीमार्फत इमनी बनाएर रकम रेमिट्यान्सबापत भुक्तानी पाउनुपर्ने विदेशमा रहेका नेपाली कामदार तथा विद्यार्थीका नेपालमा रहेका आफन्तको खातामा ट्रान्सफर गरेको घटनामा उनीहरु समातिएका हुन् ।

**पक्राउ पर्नेहरुः**
१. वीरेन्द्र साह र दीपेन्द्र साह, डिएस ट्रेडर्स तथा रेमिट्यान्सः २ अर्ब ८२ करोड १९ लाख ३३ हजार १८ रुपैयाँ
२. श्रवण कुमार साह (महोत्तरी), दीपज्योति ट्रेडर्सः १ अर्ब ५१ करोड २० लाख ६० हजार ४२४ रुपैयाँ,
३. तारालाल यादव (सप्तरी), रिया ट्रेडर्सः १ अर्ब ३९ करोड ५५ लाख ३५ हजार ४ सय २५ रुपैयाँ,
४. हरेराम महतो (सर्लाही), आनन्द ट्रेडर्सः १ अर्ब २ करोड ६३ लाख ९८ हजार ८ सय ४७ रुपैयाँ,
५. निरोज कुमार महतो (धनुषा), न्यु सन्ध्याः ८४ करोड ७ लाख ८६ हजार ५ सय ८४ रुपैयाँ
६. प्रकाश सिंह र अलिता देवी महतो (धनुषा), अलिता मनी ट्रान्सफरः ९६ करोड ७५ लाख ४६ हजार ६ सय रुपैयाँ,
७. अरुण कुमार साह, एन्जल इन्टरप्राइजेज धनुषाः ८६ करोड ८५ लाख ३४ हजार ५ सय ७३ रुपैयाँ,
८. प्रदीप कुमार साह, आर एन्ड आर सबरेमिट पर्साः १ अर्ब १ करोड १५ लाख ९१ हजार ९ सय २० रुपैयाँ
९.सञ्जीव कुमार महतो, जय माँ जानकी मनी ट्रान्सफर धनुषा,

बाँकी पृष्ठ २ मा



# ‘समाजवादको सुदृढीकरणका लागि बिपीको सिद्धान्त अनुसरण गर्न आवश्यक’

**काठमाडौँ ।**
नेपालको लोकतन्त्र र समाजवादको सुदृढीकरणका लागि विश्वेश्वरप्रसाद कोइराला (बिपी) को आदर्श तथा सिद्धान्तहरू अहिले पनि उत्तिकै सान्दर्भिक रहेकाले तिनको अनुसरण गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।



बिपी कोइराला सोसलिस्ट इन्टरनेसनल नेपालले सोमवार आयोजना गरेको ‘बिपीको समाजवाद र स्थानीय सरकार’ पुस्तक लोकार्पण तथा ‘आजको सन्दर्भमा बिपीको समाजवादी चिन्तनको सार्थकता र सान्दर्भिकता’ विषयक विचार गोष्ठीमा वक्ताहरूले समाजवाद र उन्नत लोकतन्त्रका लागि बिपीका विचारहरू मार्गदर्शक हुने धारणा राखेका हुन ।

कार्यक्रममा प्रथम राष्ट्रपति डा रामवरण यादवले लोकतन्त्रको स्थापनापछि सडक पूर्वाधार जस्ता क्षेत्रमा उल्लेख्य सुधार भए पनि समग्र अर्थतन्त्र र शिक्षा, स्वास्थ्य तथा रोजगारीलगायत क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेको बताए । ‘हाल गाउँ–गाउँमा राम्रा सडक बनेका छन्, ९५ प्रतिशतभन्दा बढी जनसङ्ख्यामा बिजुली सुविधा पुगेको छ । पछिल्लो दुई दशकमा धेरै गुणात्मक सुधार भएका छन्’, उनले भने, ‘तर अझै पनि अर्थतन्त्रका लागि धेरै चीज गर्न बाँकी छ । कृषि, उद्योग क्षेत्र धराशायी भएको छ । यसमा गम्भीर बनौँ ।’

बिपीले ग्रामीण जीवनको विकासलाई केन्द्रमा राखेर समाजवादको कल्पना गरेकाले अहिले पनि कृषि र ग्रामीण अर्थतन्त्र विकासलाई केन्द्रमा राख्न सके आर्थिक विकास सम्भव हुने डा यादवको भनाइ छ । नेपालमा शिक्षा र स्वास्थ क्षेत्रको निजीकरणले समस्या सिर्जना गरेको पनि उनले उल्लेख गरे । यस्तै, नदीनाला तथा चुरे क्षेत्रको दोहन रोकेर पर्यावरणमैत्री विकास गरिनुपर्नेमा प्रथम राष्ट्रपति डा यादवको जोड थियो ।

मुलुकमा लोकतन्त्रको स्थापनाका लागि नेपाली कांग्रेस पार्टीको ठूलो योगदान रहे पनि कार्यकर्तामा त्यसको अपनत्व नरहेको उनको बुझाइ छ । प्रथम राष्ट्रपति यादवले नेपालको ऐतिहासिक उपलब्धिलाई देखाउन छुट्टै सङ्ग्रहालय स्थापना गर्न आवश्यक रहेकामा जोड दिए ।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले बिपीले परिकल्पना गरेको समाजवादको अवधारणाअनुसार केही पालिकाहरूलाई नमूना पालिकाका रूपमा अघि बढाउन सकिने योजना सुनाए । ‘बिपीको कल्पनालाई लागू गर्नेतर्फ जान सक्यो भने मात्र उहाँको दूरदृष्टि सफल हुनेछ । सुरुआतमा कुनै एउटा–दुईटा पालिका वा गाउँमात्रै बिपीले कल्पना गरेअनुसार बनाउन सकिन्छ । यसमा लागौँ’, उनले भने ।

हाल सरकारमा रहेका व्यक्तिहरूले आफ्ना कमजोरी लुकाउनका लागि मात्रै यो व्यवस्था जान्छ कि भन्नेबारे देखावटी चिन्ता व्यक्त गरिरहेको डा कोइरालाको जिकिर छ । ‘हामीले ल्याएको लोकतन्त्र जान्छ कि भनेर नेतृत्वले चिन्ता गर्दै छलफल गरेको देखियो तर त्यो आफ्नो कमीकमजोरीलाई लुकाउन मात्र छलफल गरेको हो’, उनले भने, ‘गणतन्त्र जाँदैछ, राजतन्त्र आउँदैछ भन्ने खतरा अहिले छैन ।

आफ्ना कमजोरी लुकाउन सबै कुरा भइरहेका छन् । गणतन्त्र जाँदैन ढुक्क हुनुस् ।’ नेता डा कोइरालाले विद्यमान संविधानमा केही कमजोरी छन् भनेर सबैले स्वीकारी सकेकाले यसलाई सुधार गर्नेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए ।

उनले हाल देखिएका समस्या समाधानका लागि सरकार गम्भीर बन्नुपर्ने बताए । शिक्षक, चिकित्सक, कर्मचारी, लघुवित्तपीडित तथा सहकारी पीडितहरू सडकमा आन्दोलनरत छन् ।

यी आवाजलाई सरकारले बेवास्ता गर्नुहुँदैन’, डा कोइरालाले भने, ‘यसबाहेक नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा ढिलाइ हुनु भनेको सरकारबाटै कानुनको उल्लङ्घन गर्नु हो । सो पद रिक्त हुनु एक महिना अगावै अर्को नियुक्ति प्रक्रिया थाल्ने विद्यमान कानुनी व्यवस्थालाई सरकारले लत्याएको छ । यो राम्रो होइन ।’ सार्वजनिक संस्थाहरूमा राजनीतिक नियुक्त र नेता नजिकका व्यक्ति छान्ने प्रवृत्ति रोकिनुपर्ने उनको भनाइ थियो ।

पूर्वउपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालाले राजनीतिक दलका नेताहरूले देशको हितमा निर्णय गर्नुपर्ने नीति नै बिपीको नीतिको मूल सार रहेको उल्लेख गरे । मुलुकको अर्थतन्त्र बलियो हुन सके मात्र प्रजातन्त्र बलियो हुने उल्लेख गर्दै उनले ग्रामीण विकासलाई केन्द्रमा राखेर सरकारका नीतिहरू आउनुपर्ने बताए । नेतृ कोइरालाले राजनीतिक दल र सत्तापक्ष तथा प्रतिपक्षका सांसदहरूले एकअर्कालाई गाली गर्ने मात्र नभई समस्याको तार्किक र उचित समाधान दिन सक्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री एनपी साउदले बिपीले सबैका कुरा सुन्ने गरेको स्मरण गर्दै हाल नेपाली कांग्रेसभित्र प्रश्न उठाउनेलाई सम्मान गर्ने र उठेका प्रश्नको जवाफ दिने परम्परा कमजोर हुँदै गएको बताए । आज पनि बिपीका सूक्ष्म चिन्तन र सिद्धान्तबाट प्रजातन्त्रलाई संस्थागत गर्ने तथा मुलुकलाई स्थायित्व दिने प्रयत्न गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

पूर्वमुख्यसचिव विमल कोइरालाले बिपी समाजवादको द्रष्टा रहेको धारणा राखे । उनले बिपीको सिद्धान्त बिर्सेर कांग्रेस राष्ट्र निर्माणको एजेण्डाबाट विचलित भएर सत्ता स्वार्थमा बढी केन्द्रत भएको आरोप लगाए । कोइरालाले बिपीले परिकल्पना गरेको समाजवादअनुसार नै कांग्रेस अघि बढ्नुपर्नेमा जोड दिँदै सार्वजनिक संस्थालाई बलियो र तटस्थ हुने अवस्था बनाउन सके मात्र शासन बलियो बताए ।

डा सुन्दरमणि दीक्षितले कांग्रेसले नै बिपीको सिद्धान्तलाई बिर्सेर कम्युनिष्ट विचारधारा बोक्न थालेको आरोप लगाए । राजनीतिक विश्लेषक सिके लालले हाल बिपीको विचारबारे निकै कम मन्थन हुने गरेको उल्लेख गर्दै बिपीलाई बुझ्ने हो भने उनका भाषण र राजनीतकि दर्शन मात्र नभई साहित्य पनि बुझ्न आवश्यक रहेको जिकिर गरे ।

पूर्वराजदूत प्रा लोकराज बरालले राजनीतिक, आर्थिक, साहित्यिक क्षेत्रमा बिपी कोइराला पुनर्जागरणको प्रतीक रहेको बताए ।

संयुक्त राष्ट्रसङ्घका पूर्वस्थायी प्रतिनिधि प्रा डा जयराज आचार्यले शिक्षा, स्वास्थ्य, आवास जस्ता आधारभूत आवश्यकता पूरा गर्न नसके बिपीको समाजवादले सार्थकता नपाउने धारणा राखे ।

कार्यक्रममा बिपी कोइराला सोसलिस्ट इन्टरनेसनल नेपालका अध्यक्ष इन्दिरा थापाले हालको परिप्रेक्षमा समाजवादलाई कसरी बुझ्ने भन्ने बुझाउन ‘बिपीको समाजवाद र स्थानीय सरकार’ पुस्तकले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । यस पुस्तकले बिपी कोइरालाको सामाजिक र आर्थिक अवधारणालाई अहिलेको परिप्रेक्ष्यमा कसरी बुझ्ने भनेर स्पष्ट पार्ने बताए ।रासस

# लगानीमैत्री वातावरण र उत्पादनमुखी नीतिलाई प्राथमिकतामा राख्न कांग्रेसलाई चेम्बरको सुझाव




**काठमाडौँ ।**
निजी क्षेत्रको संस्था नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८२÷८३ को बजेटमा लगानीमैत्री वातावरण र उत्पादनमुखी नीतिलाई प्राथमिकतामा राख्न नेपाली कांग्रेसलाई सुझाव दिएको छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माणका सन्दर्भमा नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागले सोमवार आयोजना गरेको कार्यक्रममा चेम्बरले औद्योगिक एवं व्यापारिक क्षेत्रमा देखिएका समस्या एवं सुधारको पहलसहित विभिन्न सुझाव दिएको हो । चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपककुमार मल्होत्राले कांग्रेस सभापति शेरबहादुर देउवालाई सुझाव हस्तान्तरण गरे ।

उद्यमी, व्यवसायीको मनोबल खस्किनुको पछाडि विगतका पुराना समस्याको बोझ नै प्रमुख कारण रहेकाले लगानीमैत्री वातावरणका लागि नीतिगत सहजीकरण हुनुपर्ने सुझावमा उल्लेख गरिएको छ । ‘निजी क्षेत्रको आर्थिक जोखिम बहन क्षमता अत्यन्तै न्यून भएकाले थप जोखिम लिएर नयाँ उद्यम व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिन सकिने अवस्था छैन’, सुझावबारे चेम्बरले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन चालुपुँजी कर्जा निर्देशिकालाई खारेजी गरिनुपर्ने सुझाव दिएको छ । चालुपुँजी कर्जा निर्देशिकामा रहेका जटिल प्रावधानका कारण बैङ्क तथा वित्तीय संस्थामा लगानीयोग्य रकम अधिक भए पनि कर्जा विस्तार हुन नसकेको कार्यवाहक अध्यक्ष मल्होत्राले बताए । व्यक्तिले घरजग्गा तथा अपार्टमेन्ट खरिद गर्दा आयश्रोतको विद्यमान झण्झटिलो व्यवस्थामा सहजीकरण गरिनुपर्नेमा समेत उनले जोडदिएको समेत बताए ।

खस्किँदै गएको घरजग्गा व्यवसायमा सुधार गर्न विदेशी नागरिकलाई पनि अपार्टमेन्ट खरिद गर्न पाउने व्यवस्था आगामी बजेटमा समावेश गर्नुपर्नेमा समेत चेम्बरले सुझाव दिएको छ । यसैगरी कृषिमा परिनिर्भरता घटाउन लगानीमैत्री वातावरण, उत्पादनमुखी नीतिको व्यवहारिक कार्यान्वयन गरिनुपर्ने चेम्बरको जोड छ ।

कृषिमा वैदेशिक लगानी आर्कषित गर्न जग्गामा लाग्दै आएको हदबन्दी हटाउने सुझाव पनि दिइएको छ । यस्तै, जग्गामा हदबन्दी लाग्दा यसले लगानी आर्कषित हुन नसकेको, यान्त्रिकरण र आधुनीकिकरणमा समस्या उत्पन्न भएको चेम्बरको बुझाइ छ । बाँझो जमिन सदुपयोग नीति अङ्गिकार गरेर युवालाई स्वदेशमै रोजगारीको वातावरण सृजना गर्नसमेत चेम्बरले कांग्रेसलाई सुझाव दिएको छ ।

देशमा पर्यटन प्रवद्र्धन गर्न विदेशस्थित नेपाली दूतावासमा वर्षमा कम्तीमा एकपटक नेपाल प्रवद्र्धन कार्यक्रम आयोजना गर्नुपर्ने, मुलुकमा थप भएका दुई वटा अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी सञ्चालनमा ल्याई बढी पर्यटक भित्र्याउने नीति अवलम्वन गरिनुपर्ने सुझावसमेत दिइएको छ । यस्तै, ऊर्जा विद्येयकमा उल्लेखित प्रावधान, अदालतबाट आएका फैसला र वन मन्त्रालयबाट आएका निर्देशिकाले जलविद्युत् आयोजनाको निर्माणमा गम्भीर चुनौती खडागरेको चेम्बरले उल्लेख गरेको छ ।रासस

# अवैध वित्तीय कारोबारमा संलग्न आरोपमा २१ जना पक्राउ

**काठमाडौँ ।**
अवैध वित्तीय कारोबारमा संलग्न रहेको आरोपमा ११ जिल्लाका २१ जनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले पक्राउ गरी अनुसन्धान थालेको छ ।

उनीहरुले १७ अर्ब ८६ करोड ७० लाख रुपैयाँ बढी रकम अवैध कारोबार गरेको सिआइबीका प्रवक्ता, प्रहरी उपरीक्षक सुधीरराज शाहीले जानकारी दिए । उनीहरुले आन्तरिक विप्रेषण बन्द भएको अवस्थामा विदेशबाट विप्रेषणवापत प्राप्त हुने रकम आप्रवाहमा अवरोध गरी आन्तरिक विप्रेषणको नाममा नेपालमा भन्सार छली, चोरी पैठारी, सुनको अवैध कारोबार, कर छलीलगायतमा संलग्न व्यक्ति तथा समूहले कारोबार गरेको गैरकानुनी रकमलाई ट्रान्सफर गरेको उनले बताए ।

त्यसरी रकम ट्रान्सफर गरी विप्रेषणबापतको रकम हिसाब मिलान गरेको देखिएकाले मनी टान्सफर कम्पनी र त्यसका सञ्चालकहरुले नेपाल राष्ट्र बैंकबाट जारी आदेश र निर्देशन विपरीत कार्य गरेकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिमको कसुरउपर अनुसन्धान थालिएको प्रवक्ता शाहीले सोमवार सार्वजनिक गर्नुभएको विवरणमा उल्लेख छ ।

यसरी पक्राउ पर्नेहरुमा मोरङका वीरेन्द्र साह र दीपेन्द्र शाह, महोत्तरीका श्रवणकुमार शाह, सप्तरीका तारालाल यादव, सर्लाहीका हरेराम महत्तो, धनुषाका निरोजकुमार महत्तो, सञ्जिवकुमार महतो र अलितादेवी महतो, प्रकाश सिंह, पर्साका अरुणकुमार साह, नवलपरासीका राजकमल लोनिया र भीमकुमारी गुरुङ रहेका छन् । त्यसैगरी सप्तरीका रामविलास साह तेली, पर्साका विकर्ष जङ्ग राणा, नवलपरासीका गणपति पाण्डे, वीरगञ्जका सलमा खातुन, सप्तरीकी सुशीलाकुमारी शाह, चितवनका गोविन्दप्रसाद आचार्य, सप्तरीका शम्भू मेहता र ममताकुमारी साह पनि पक्राउ परेका छन् ।

Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
Groundwater Resources and Irrigation Development Division
Jaleshwar, Mahottari

**Letter of Intent**

Date of Publication: 2082/01/16 B.S. (29th April, 2025)

This is to notify to all the concerned bidders that it is our intention to award the following contract, published on 2081/12/06 BS (19th March, 2025) to following substantially responsive evaluated lowest bidders with total price listed below:

| S.N. | Contract No. | Description of Works/Name of Project | Substantially Responsive Lowest Evaluated Bidder | Bidding Amount (without VAT & PS) |
|---|---|---|---|---|
| 1. | 03/NCB/WORKS/GWRIDDM/081/82 | Construction of 8” (200 mm) dia. Deep Tubewell in Hanspur-05,Dhanusha | Aarohi Deep Boaring Udhyog, Janakpu-14 | Rs. 15,78,100 |
| 2. | 04/NCB/WORKS/GWRIDDM/081/82 | Construction of 8”(200 mm) dia. Deep-Tubewell in Gaushala-12,Kantibazzar,Mahottari | Saugat Tubwells & Construction, Biratnagar-4 | Rs. 16,66,500 |

**For details, bidders are advised to visit Ground Water Resources and Irrigation Development Division, Jaleshwar, Mahottari. For contact: 044-520454, 9860584646**

Division Chief

# ‘नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ प्रस्ताव’ सर्वसम्मतिले स्वीकृत

**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमवारको बैठकमा ‘नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सो प्रस्ताव प्रस्तुत गरेका थिए ।

प्रस्तावको सैद्धान्तिक छलफलमा भाग लिनुहुँदै सांसद प्रेमबहादुर आलेले पोखरा विमानस्थल दुर्दशाको कारण नियामक र सेवाप्रदायक एउटै व्यक्ति हुनु रहेको बताए । विसं २०८० साउन ९ गते क्यानको महानिर्देशकले धम्क्याएर ‘ग्राउण्डेड’ भएको जहाजलाई उडाएकाले दुर्घटना भएको उनले बताए ।

‘पार्टीको दबाब सहन नसकेर अहिलेका महानिर्देशक म मन्त्री भएका बेला बनाएको हुँ, मैले कनिष्ठलाई नबनाऔँ भनेको थिएँ’, पूर्व नागरिक उड्डयन मन्त्रीसमेत रहनुभएका सांसद आलेले भने ।

सांसद नागिना यादवले कर्मचारीका कमजोरी लुकाउने गरेकाले हवाइ दुर्घटना बढेको भनाइ राखे । ऐन बनाएरमात्र नहुने र कार्यान्वयन पनि सही रूपमा हुनुपर्ने उनको भनाइ थियो ।

सांसद बिराजभक्त श्रेष्ठले पोखरा र गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थलको अवस्थाका बारेमा छानबिन गरी त्यसको प्रतिवेदन नआएसम्म निजगढ विमानस्थल बनाउन नहुने बताए । निजगढका लागि अहिले नै रुख काट्नेलगायत विषयमा बिचौलियाको चलखेल भइरहेको उनको आरोप छ । नेपालमा पर्यटक अझै बढी आउन सक्ने उल्लेख गर्दै सांसद श्रेष्ठले हवाइ सुरक्षा नभएकैले आउनुपर्ने जति पर्यटक आउन नसकेकाले विधेयकले त्यसलाई सम्बोधन गर्नुपर्ने बताए ।

सांसद हितराज पाण्डेले नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान रहेको र त्यसले प्रशिक्षण पनि दिइराखेकाले त्यसका कामका बारेमा पनि पुनरावलोकन हुनुपर्नेमा जोड दिए । सांसद सुशीला थिङले हवाइ दुर्घटना बढ्नुमा नियामक र सेवा प्रदायक एकै निकाय भएको अवस्थामा अड्किएर बसेको विधेयक आउनु स्वागतयोग्य भएको धारणा राखे ।

सांसद सोविता गौतमले प्राधिकरणले राम्रो काम गरेको भए दुई वटा निकाय बनाउनै नपर्ने सुझाव दिईन । सौर्य विमान दुर्घटनाका दोषीलाई कारबाही भयो कि भएन संसद्ले जान्न पाउनुपर्ने उनको भनाइ थियो ।

सांसद सुदन किरातीले निजगढ विमानस्थलमा केही प्राविधिक त्रुटी भएकाले त्यसलाई नसच्याइ निर्माणप्रक्रिया अघि बढाउन नहुने बताए । सांसद मनिष झाले विसं २०८१ साउन ९ गतेको सौर्य विमानस्थलको दुर्घटनाका बेला मन्त्री नबनेको भए पनि यसको जिम्मेवारी मन्त्रीले लिनुपर्ने बताए । यसभित्र केही विषय भए मन्त्रीले सार्वजनिक गर्नुपर्ने धारणा उनको थियो ।

सांसद योगेशकुमार भट्टराईले विगत १५ वर्षअघिदेखि नियामक र सेवा प्रदायक निकाय अलगअलग बनाउने विषय नीति तथा कार्यक्रममा पर्दै आए पनि अहिलेसम्म बन्न नसकेकाले यसलाई अहिले अघि बढाउनुपर्ने बताए ।

सांसदरु राजेन्द्र बजगाइँ, रुपा जोशी चौधरी, लेखनाथ दाहाल, बिजुला रायमाझी, ज्ञानु बस्नेत सुवेदी, विन्ध्यवासिनी कंसाकारले नेपालको उड्डयन क्षेत्र सुधार हुने गरी विधेयकलाई परिमार्जित गरिनुपर्नेमा जोड दिएका थिए ।रासस

## १८ अर्ब ठगीमा मधेशकै ...

६४ करोड ३ लाख ८८ हजार ५ सय ५ रुपैयाँ
९. राजकमल लोनिया, पुजा सप्लायर्स नवलपरासीः ९७ करोड ५९ लाख ९८ हजार ३ सय २५ रुपैयाँ
१०. भीम कुमारी गुरुङ, टासी ट्राभल्स एन्ड टुर्स नवलपरासी, ७९ करोड ७१ लाख २४ हजार १ सय ८४ रुपैयाँ
११. रामविलास–ममता कुमारी साह, शिवम् इन्टरप्राइजेज सप्तरीः ९९ करोड २८ लाख २६ हजार ७ सय ७० रुपैयाँ
१२. विकरर्णजंग राणा, सास्विका मनी ट्रान्सफर पर्साः ६८ करोड ६४ लाख ५६ हजार ४ सय ७ रुपैयाँ
१३. गणपति पाण्डे, गोल्डेन स्काइ टुर्स एन्ड ट्राभल्स, नवलपरासीः ९१ करोड १२ लाख ७५ हजार ८ सय ३२ रुपैयाँ
१४. सलमा खातुन, खुसी मनी ट्रान्सफर, वीरगंजः ७५ करोड ५५ लाख २६ हजार ३ सय ५८ रुपैयाँ
१५. सुशीला कुमारी साहु, राधिका ट्रेडर्स, सप्तरीः ५७ करोड ४८ लाख ९४ हजार ८ सय २२ रुपैयाँ
१६. गोविन्द प्रसाद आचार्य, हिमालयन मनी ट्रान्सफर, चितवनः ५१ करोड ४९ लाख ९ हजार ७ सय ४४ रुपैयाँ
१७. शम्भु मेहता, सगरमाथा रेमिट्यान्स सप्तरीः ५७ करोड ३२ लाख ५० हजार ७ सय ६९ रुपैयाँ

# सुरक्षाकर्मी ओत लाग्दा कारागारबाट कैदी फरार



**मधेशदृष्टि**
**राजविराज ।**
चोरी मुद्दामा धरौटी बुझाउन नसकेर जेल चलान भएका कैदी राजविराज कारागारबाट फरार भएका छन् । सप्तरीको शम्भुनाथ नगरपालिका वडा नम्बर ११ का ३५ वर्षीय रामानन्द मण्डल आइतबार राति कारागारबाट फरार भएका हुन् । उनी विगत ४ महिनादेखि राजविराज कारागारमा बन्दी जीवन बिताइरहेका थिए । आइतबार राति हावाहुरी र चट्याङसँगै भएको वर्षाका कारण विद्युत अवरुद्ध भएको र ड्युटीमा खटिएका सुरक्षाकर्मी ओत लागेको मौका छोपेर कैदी मण्डल फरार भएको कारागार कार्यालय सप्तरीका प्रमुख मातृका प्रसाद दाहालले बताए । काठमाडौँ जिल्ला अदालतमा दायर भएको चोरी मुद्दामा एक लाख ४० हजार रुपैयाँ धरौटी अदालतले मागेपछि तिर्न नसकेर उनी कारागार चलान भएका थिए । मण्डललाई केन्द्रीय कारागार काठमाडौँले २०८१ पुस ६ गते राजविराज पठाएको उनले जानकारी दिए ।

फरार कैदीको खोजी र घटनाबारे अनुसन्धान भइरहेको कारागार कार्यालय प्रमुख दाहालको भनाइ छ । घटनाबारे सोमबार बिहान जानकारी पाएसँगै ड्युटीमा रहेका प्रहरी कर्मचारीहरुमाथि आवश्यक अनुसन्धान शुरु गरी फरार मण्डलको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।



दुर्घटनाग्रस्त ट्र्याक्टरः पूर्व–पश्चिम राजमार्ग अन्तर्गत महोत्तरीको बर्दिबास नगरपालिका–१ मा सोमबार बिहान दुर्घटनामा परेको ह्युमपाइप बोकेको ट्र्याक्टर । तस्बिरः सञ्जीतकुमार मण्डल–रासस

# किसानले पाए स्प्रे ट्यांकी



**आरके श्रीवास्तव**
**गरुडा ।**
रौतहटको फतुवा बिजयपुर नगरपालिका–२ शितलपुर बैरगनियाका किसान भूपनारायण सिंह निकै खुसी भएका छन् । वडा कार्यालयबाट निःशुल्करुपमा औषधी छर्ने स्प्रे ट्यांकी पाएपछि कुशवाहा खुसी भएका हुन् ।
फतुवा बिजयपुर–२ को वडा कार्यालयले एकसय किसानलाई निःशुल्क स्प्रे ट्यांकी प्रदान गरेको छ । वडाध्यक्ष अनिरुद्ध प्रसाद यादव उर्फ सञ्जयले एक सय किसानलाई निःशुल्क स्प्रे ट्यांकी प्रदान गरेका हुन् । वडाध्यक्ष यादवले किसानलाई सम्मान गर्दै वडास्तरीय योजना तथा बजेटबाट केही सहुलियत प्रदान गरेको बताए । वडाको ६ लाख रुपैयाँ लागतमा किसानलाई स्प्रे ट्यांकी दिएर सम्मानित गर्न पाउँदा आफूलाई पनि हर्ष लागेको वडाध्यक्ष यादवको भनाइ छ ।
स्थानीय रामआश्रय राउतले स्प्रे ट्यांकी प्राप्त गरेपछि खुसी व्यक्त गर्दै आफूले लगाएको बालीनालीमा औषधी छर्न समस्या हुनेगरेको थियो । अब उपरान्त समस्या हटेको बताए ।
राउतले स्प्रे ट्यांकी पाएपछि किसानको खेतमा लाग्ने कीरा मार्न सहयोग गर्ने प्रतिक्रिया दिए । यसैगरी अर्का किसान मौजेलाल राय यादवले वडाध्यक्ष यादवलाई धन्यवाद दिँदै गरिब तथा दलित किसानलाई सहयोग गरेको भन्दै खुसी व्यक्त गरे । रामले भने, 'अब औषधी छर्न सहुलियत भएको छ । गरिब तथा दलित किसानको लागि औषधी छर्न स्प्रे ट्यांकी नहुँदा समस्या हुने गरेको थियो । वडा कार्यालयले दिएको स्प्रे ट्यांकी निकै उपयोगी हुनेमा हामी ढुक्क छौँ ।'
वडाध्यक्ष यादवले किसानको काममा सहयोग हुने विश्वास आफूले लिएको बताए । आगामी दिनमा पनि किसानलाई सहुलियत प्रदान गर्ने योजना ल्याउन किसानसित सल्लाह गर्ने वडाध्यक्ष यादवको भनाइ छ । यस अघिपनि आफूले किसान लक्षित धेरै काम गरेको बताए । वडा कृषकहरूकै बाहुल्य भएकाले वडाध्यक्ष यादवले किसानलाई सोझै लाभ हुने योजना सफल पारेपछि किसानले प्रशंसा गरिरहेका छन् ।

# सहनबाज मृत भेटिएपछि परिवारद्वारा छानबिन माग



**मधेशदृष्टि**
**राजविराज ।**
मोबाइलमा फोन आएपछि घर बाहिर निस्केको एक घण्टा नबित्दै मृत फेला परेका १५ वर्षीय सहनबाज शेखका आफन्तले घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका छन् ।
राजविराज–६ पुर्णीपोखरी टोलका सहनबाजको दुई दिनअघि मृत्यु भएको हो ।
शनिबार राति ९ बजे उनी राजविराज–३ स्थित कल्टुदास पोखरीको डिलमा अचेत अवस्थामा रहेको भन्दै स्थानीयले खबर गरेपछि पुगेको प्रहरी टोलीले उनलाई तत्कालै उद्धार गरी गजेन्द्र नारायण सिंह अस्पताल पु¥याएका थिए । जहाँ चिकित्सकले उनलाई मृत घोषित गरेको थियो ।
बाहिरी चोट खासै नदेखिए पनि आइतबार पोस्टर्माटम कक्षमा राखेर परीक्षण गर्दा घाँटी र हातको भित्री भागमा चोट देखिएपछि थप परीक्षण र पोस्टर्माटमका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको डा.अमित यादवले बताए ।
मृतकका आमा सोनी खातुनका अनुसार घटनाका दिन राति ७:४५ बजे तिर छोरा सहनबाजको मोबाइलमा कसैले फोन गरेका थिए । त्यसपछि 'केहीबेरमा आइहाल्छु' भन्दै छोरा घरबाट निस्केको उनको भनाइ छ ।
राजविराज–८ स्थित पिसल्यान्ड बोर्डिङ स्कूलमा कक्षा ८ मा अध्ययनरत छोरालाई कसैले कुटपिट गरी मारेको हुनसक्ने आशंका उनका बुबा सनावरले गरेका छन् ।
उनले फोन गरेर बोलाउने व्यक्तिले यस्तो अपराध गरेको हुनसक्ने भन्दै सत्यतथ्य छानबिन हुनु पर्ने माग गरेका छन् । वडाअध्यक्ष शशी चौधरीले पनि सहनबाजको मृत्यु प्रकरणबारे सुक्ष्म अनुसन्धान हुनुपर्ने बताए । प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले प्रारम्भिक अनुसन्धानमा कुटपिटबाट नभई लडेर उनको मृत्यु भएको पाइएको बताए ।
'घटनास्थल आसपासको सिसिटिभी फुटेज चेक गर्दा घटनाका बेला उनी एक्लै देखिएको र लडेर उनको मृत्यु भएको देखिएको छ,' उनले भने, 'कसैले कुटपिट गरेको कतै देखिएको छैन । एक्कासी लडेर भूइँमा बजारिएपछि घाँटी र हातमा चोट लागेको हो ।' उनले थपे, 'कसैले कुटपिट गरेको कुनै संकेत देखिएको छैन । यद्यपि अनुसन्धान कार्य जारी छ ।' रातिको समयमा सहनबाजलाई मोबाइलमा फोन गर्ने व्यक्तिको थिए र किन बोलाएका थिए भन्नेतर्फ अनुसन्धान अघि बढाउनु पर्ने परिवारजनको माग छ ।

# वडाध्यक्षलाई भ्रष्टाचारको मुद्दा

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको धनकौल गाउँपालिकाका वडा नम्बर ६ स्थित कृषि बाटो निर्माणमा ७ लाख ७९ हजार २ सय ५ रुपैयाँ हिनामिनाको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वडाअध्यक्षसहित ९ जनाविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको छ ।
अख्तियारले श्याम बाबु साहसहित धनकौल गाउँपालिकाका प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साह, इन्जिनियर उपेन्द्र प्रसाद साह, सहायक पाँचौ मोहम्मद रफिक, सबइन्जिनियर शशिरन्जन कुमार सिंह, लेखापाल अभय कुमार साह र उपभोक्ता समितिका अध्यक्ष वोपेन्द्र राय, सचिव इनरजित साह र कोषाध्यक्ष सुरतीया कुमारीविरुद्ध आरोपपत्र दायर गरेको हो ।
उनीहरुले आर्थिक वर्ष २०८०–८१ को प्राविधिक इष्टिमेटबमोजिम काम नगरी मिलेमतोमा कामभन्दा बढी खर्च देखाइ भ्रष्टाचार गरेको आरोप अख्तियारको छ ।
जनही ७ लाख ७९ हजार रुपैयाँ बिगो दाबी गर्दै अख्तियारले तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय माग गरेको छ ।

# लोकतान्त्रिक पत्रकार संघ बारामा प्रजापति



**आरके श्रीवास्तव**
**रौतहट ।**
लोकतान्त्रिक पत्रकार संघ बाराको जिल्ला संयोजकमा बिनोद कुमार प्रजापति मनोनयन भएका छन् । संघको केन्द्रीय कार्यसमितिले विधानअनुसार पत्रकार प्रजापतिलाई बारा संयोजकमा मनोनयन गरेको हो ।
कृपा दैनिकका बारा संवाददाताका रुपमा प्रजापति कार्यरत छन् । लामो समयदेखि पत्रकारिता पेसामा रहेका प्रजापति पत्रकारिताका क्षेत्रमा क्रियाशील छन् । बारा, प्रसौनी गाउँपालिका वडा नम्बर ४ खुटवा जब्दी निवासी प्रजापतिको नेतृत्वमा लोकतान्त्रिक पत्रकार संघ बाराले अलग्गै पहिचान बनाउने विश्वास गरिएको छ ।
संघका केन्द्रीय अध्यक्ष कामरेन्द्र वर्माले आइतबार प्रजापतिलाई जिल्ला संयोजकमा मनोनयन गरिएको जानकारी गराए । देश, मधेश, पत्रकार र पार्टीको हितमा साहको कार्यकाल उल्लेखनीय रहने विश्वास पनि संघले लिएको अध्यक्ष वर्माद्वारा हस्ताक्षरित मनोनयन पत्रमा उल्लेख छ ।

# लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा मानव बेचबिखन र लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर वीरगंज र आफन्त नेपाल वीरगंज पर्साको संयुक्त आयोजनामाकार्यक्रम भएकोहो ।
वीरगंज महानगरपालिका–१० स्थित हरि खेतान बहुमुखी क्याम्पसका बिबिएस प्रथम वर्षका विद्यार्थीलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रममा करिब २ सय २० जना सहभागी थिए । कार्यक्रममा मानव बेचबिखन तथा लैङ्गिक हिंसासम्बन्धी नीति, नियम, कानूनी दण्ड–सजाय र जरिवानाबारे जानकारी प्रदान गरिएको थियो । आयोजकका अनुसार कार्यक्रममा सहभागी विद्यार्थीमा मानव बेचबिखन र लैङ्गिक हिंसाका जोखिमबारे सचेतना बढाउने तथा व्यक्तिगत सुरक्षाका उपायबारे ज्ञान फैलाउन कार्यक्रम प्रभावकारी बनेको छ ।

# 'अभिभावकज्यू, वर्षमा एक दिन त विद्यालय आइदिनोस्'

**मधेशदृष्टि**
**वीरगंज ।**
पटेर्वा सुगौली गाउँपालिकाको अध्यक्ष दिनेश कुमार चौधरीले अवैज्ञानिक रुपले विद्यालय स्थापना हुँदा राज्यलाई आर्थिक भारसँगै शैक्षिक गुणस्तरीयतामा कमी आएको बताएका छन् । 'शिक्षा नीतिमा स्पष्टता कार्यान्वयनमा सरोकारवालाहरुको जवाफदेहिता' मूलनारासहित वीरगंजमा शिक्षा नीतिसम्बन्धी सम्वाद कार्यक्रममा उनले यस्तो बताएका हुन् ।
कारखाना समूहको आयोजनामा भएको कार्यक्रममा पटेर्वा सुगौली गाउँपालिकाका बारे सम्वाद भएको हो ।
कार्यक्रममा शिक्षा प्रणालीमा पारदर्शिता, जवाफदेहिता र सहभागितालाई सुदृढ गर्ने उद्देश्य राखिएको थियो । गाउँपालिका उपाध्यक्ष ममता कुमारी चौधरीले देशमै सेनेटरी प्याड बनाउने पहिलो पालिका आफूहरुको भएको दाबी गर्दै एक टोल एक उद्यम कार्यक्रम ल्याएर शिक्षामा जोड दिइएको उनको भनाइ छ । उनले अभिभावकहरु वर्षमा एक दिन पनि विद्यालयमा अनुगमन गर्न आए शिक्षामा आमूल परिवर्तन देखिन सक्ने दाबी गरिन् ।

# शिक्षक आन्दोलनमा सरकारको मात्र दोष होइन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरले नेताहरूले शिक्षकहरूको आन्दोलनको सबै दोष सरकारलाई लगाएर उम्किन नमिल्ने बताएका छन् ।
लोसपाको जनकपुरधामस्थित नयाँ कार्यालय उद्घाटनमा उनले यस्तो बताएका हुन् । अहिले शिक्षकहरू सडक आन्दोलनमा रहेको भन्दै यसको दोष सबै सरकारलाई लगाएर आफू उम्किन नमिल्ने बताए । यसको जिम्मेवारी सरकारको नेतृत्व गर्ने सबै नेताहरुले लिनुपर्ने उनको भनाइ छ । सरकारमाथि दोष थुपार्ने नभई सरकारको आलोचना गर्न सकिने बताए । उनले सामुदायिक विद्यालयको बलमा सबैलाई शिक्षित गर्नसक्ने अवस्था नरहेको जिकिर गरे । नेपालमा पानी र स्वास्थ्यको समस्या पनि त्यत्तिकै रहेको बताए । अध्यक्ष ठाकुरले सबै मिलेर काम गरे मात्रै देश बन्नसक्ने बताए ।

# सहकारी अध्यक्ष पक्राउ, हत्यामा पनि संलग्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको विदेह नगरपालिका, तिनकौरिया चोकस्थित विदेह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष संजीत मण्डल पक्राउ परेका छन् । आइतबार जिल्ला प्रहरी कार्यालय धनुषाले बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा नउलाई पक्राउ गरेको हो ।
विदेह नगरपालिका वडा नम्बर ५ मुडिवा टोलका मण्डल विदेह बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हुन् र २ करोड रुपैयाँ भन्दा बढी रकम लिएर भागेको आरोप छ । स्थानीय एवम् बचतकर्ता वीरेन्द्र कुमार मण्डलले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाले उनलाई पक्राउ गरेको हो । अध्यक्ष मण्डलमाथि कर्तव्य ज्यानको मुद्दा समेत चलिरहेको रेडर्क देखिएको छ । विदेह ५ बस्ने मानैर ठाकुर बरहीको हत्या प्रकरणमा उनीमाथि कर्तव्य ज्यानको मुद्दा समेत चलिरहेको बताइएको छ ।

सम्पादकीय

# मनोरञ्जनात्मक क्षेत्रका महिला श्रमिकका मुद्दा

मनोरञ्जनात्मक क्षेत्रको व्यवस्थापन र यसमा कार्यरत श्रमिक महिलाको संरक्षणका लागि कानून आवश्यकता देखिएको छ । काठमाडौँमा रक्षा नेपालले गरेको 'मनोरञ्जनात्मक क्षेत्रमा कार्यरत श्रमिक महिलाको हकहितका लागि कानूनमा भएका व्यवस्थाबारे सरोकारवाला निकायसँग छलफल' मा सहभागीहरूले कानून अभावमा महिला श्रमिकले कठिनाइ भोग्नु परेको यथार्थ बाहिर आएको हो । मनोरञ्जन क्षेत्र (रेष्टुरेन्ट, डान्सबार र खाजाघर) मा काम गर्ने पाँच सय महिला श्रमिकसँग गरिएको सर्वेक्षणमा अधिकांशले रहर नभई बाध्यताले यो क्षेत्रमा काम गर्नुपरेका बताएका थिए । श्रमिकले दुई महिनाको दुधे बालक छोडेर पनि काम गर्नुपरेको, श्रीमान्ले छाडेर नागरिकताबिहीन भएको, सन्तानको जन्मदर्ता नभएको, कार्यस्थलमा हिंसा भोगेको, यो क्षेत्रमा खुलेर काम गर्ने अवस्था नरहेको उनीहरुको दुखेसो थियो । मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकसम्बन्धी छुट्टै कानून नभएको र महिला वा बालिका छुट्याउन पनि कतिपय अवस्थामा कठिनाइ हुने गरेको प्रहरीका पनि कुरा थिए ।

रेष्टस्टुरेन्ट, दोहोरी साँझ, खाजाघरमा काम गर्ने महिला श्रमिकलाई त्यस्तो केही गतिविधि देखेर सोध्यो भने हाम्रो कर्मचारी नै होइन भनेर व्यवस्थापन पन्छिने गरेको पनि पाइएको छ । कतिपय अवस्थामा महिला वा बालबालिका छुटयाउनै सकिन्न, साना बालिका हुन्छन्, उमेर सोधे १९ वर्ष भन्छन् । बालिकाको हकमा जाहेरी दिन नमिल्ने र महिलाको हकमा फरक कानूनी व्यवस्थाले राज्यले दिने सेवा पनि उनीहरुलाई प्रवाहमा समस्या देखिएको छ । कानून नभएका कारण यस क्षेत्रमा काम गर्ने महिला श्रमिकलाई सुरक्षित र व्यवस्थित गर्न कठिन भएको प्रशासनको जवाफ छ । मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक महिलाका लागि छुट्टै कानून आवश्यकता भएको र कानून निर्माणमा सरोकार भएका पक्षले ध्यान दिनुपर्ने आवश्यकता औँल्याइएको छ । मनोरञ्जन क्षेत्रलाई व्यवस्थित गराउन सर्वोच्च अदालतले विसं २०६५ निर्माण गरेको निर्देशिका पनि कार्यान्वयनमा आएको छैन । थप कानूनसमेत निर्माण हुन सकेको छैन । काठमाडौँ महानगरले पनि मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकलाई व्यवस्थित गर्न कार्यविधि बनाउन खोजेको तर तथ्याङ्क नभएका कारणले केही समस्या भएको बताउँदै आएको छ ।

गाउँबाट काठमाडौँ पुगेका कैयौँ नारीको जिन्दगी नरकमय बनिरहँदा उनीहरु बाँच्नका लागि मनोरञ्जनात्मक क्षेत्रमा पुगेका हुन्छन् । ती तपाईं हाम्रै छोरी हुन् । कोही उहाँ पुगेर बुहारी बनेर बिचल्लीमा परेका छन् । जिन्दगी अँध्यारो कोठामा बिते पनि ग्राहकसँग हाँसेर सेवा दिने यिनै निम्न वर्गका महिला मजदुरमाथि भइरहेको ताडना र विभेदबाट पार लगाउन उनीहरुको आत्मसम्मान, सुरक्षा र रोजगारीका लागि कानून नै बनाएर व्यवस्था गर्नु पर्ने देखिएको छ ।

# 'एनडिसी तेस्रो': जलवायु मुद्दामा नेपालको प्राथमिकता



सविन शर्मा

नेपाल विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा शून्य दशमलव एक प्रतिशतभन्दा पनि कम योगदान गर्ने मुलुक हो । आज जलवायु सङ्कटको विश्वव्यापी बहसमा 'नेट–शून्य उत्सर्जन' को नारा लिएर नेपाल उभिएको छ । यति थोरै योगदान भएको मुलुकले आफ्नो भविष्य, अस्तित्व र विकासको बाटोमा यो सङ्कटबाट सुरक्षित राख्न नीतिगत प्रयास गर्नु राम्रो विषय हो । तर, यो प्रयासका लागि करिब ८९ अर्ब डलरको लागतमा 'उत्सर्जन न्यूनीकरण' योजना बन्छ र 'जलवायु अनुकूलन' तथा 'क्षति–नोक्सानी' लाई मात्र १० देखि १२ अर्ब अर्थात् आठ भाग जति बजेट छुट्याउने योजना रहेको देखिन्छ । यो विषय हामीमा प्रश्न उठ्छ, के नेपालको प्राथमिकता जलवायु न्यायअनुरूप छ त ? अझै प्रश्न उठ्छ के त्यो पनि अन्तरराष्ट्रिय दबाब र वित्तीय सहायताको परिप्रेक्ष्यमा परिभाषित भइरहेको त छैन ?

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका (प्रारुप) महासन्धि (युएनएफसिसिसी)को पक्ष राष्ट्रहरुको २१औँ सम्मेलनअन्तर्गत पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने र दुई डिग्री सेल्सिएसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्त गर्नका लागि पेरिस सम्झौताको पक्ष राष्ट्रहरुले प्रत्येक पाँच वर्षमा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने प्रावधान रहेको छ । साथै, पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न यस सम्झौताको धारा १३ ले एक परिष्कृत पारदर्शिता खाका स्थापना गरेको छ । नेपालले सन् २०१६ र २०२० मा पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान तयार गरी युएनएफसिसिसीको सचिवालयमा पेस गरेको थियो । सन् २०२५ भित्र तेस्रो एनडिसी पेस गरी परिष्कृत पारदर्शिता खाको अङ्गिकार गर्नुपर्ने प्रावधानलाई मध्यनजर गर्दै नेपालले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न जलवायु अनुकूलनसम्बन्धी परिमाणात्मक र नीतिगत लक्षहरु आवधिक रुपमा परिमार्जन गरी तेस्रो एनडिसी तपार पारेको हो ।

तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी तेस्रो) हेर्दा नेपालको प्राथमिकतामा कार्बन उत्सर्जन न्यूनीकरणलाई प्राथमिकतामा राखेको देखिन्छ । चालीस पृष्ठको कार्ययोजनामध्ये २२ पृष्ठ 'मिटिगेसन'मा नै केन्द्रित देखिन्छ । जबकि अनुकूलन कार्ययोजनाका लागि जम्मा पाँच पृष्ठमा समेटिएको छ । साथै क्षति र नोक्सानीलाई मात्र दुई पृष्ठ छुट्याइएको छ । यस्तो असन्तुलनले नेपालको प्रतिबद्धतामा जलवायु सङ्कटको वास्तविकता र प्राथमिकताको गहिरो विरोधाभास देखाउँछ । नेपाल विश्वका १०औँ सबैभन्दा जलवायु संवेदनशील देशहरूमध्ये पर्दछ । हरेक वर्ष बाढी, पहिरो, डढेलो, असिनापात, चरम सुक्खा र असामान्य मौसमी घटनाबाट जनधनको ठूलो क्षति भोगिरहेको छ । हामी जिउँदो सङ्कटको भोगाइमा भएकाले जलवायु अनुकूलन र क्षति–नोक्सानी न्यूनीकरणभन्दा पनि तत्कालीन आवश्यकता हुन् ।

सरकारले तयार पारेको एनडिसी हेर्दा 'भोगाइ' भन्दा 'देखाइ' लाई प्राथमिकता दिइएको देखिन्छ । तेस्रो एनडिसीको रणनीति हेर्दा नेपाल 'जलवायु हिरो' बन्ने दौडमा सहभागी भएको छ, तर आफ्ना नागरिकहरूको जीवन र जीविकाको सुरक्षा गर्ने दौडमा भने पछि परेको स्पष्ट छ । सरकारले जनताको जीवन र जीविकाभन्दा पनि विश्वसामु आफूले कार्बन उत्सर्जनमा गरेको न्यून योगदान शून्यमा झार्ने रणनीतिलाई प्राथमिकतामा राखेको छ । आफ्नो मुलुकका जनताको हितमा काम गर्नेभन्दा पनि नगरेको दोषको रोकथाममा बढी कार्ययोजना बन्नुले यसलाई महत्वकाङ्क्षी मान्न सकिन्छ ।

एकातिर विकसित मुलुकहरूले विकासोन्मुख राष्ट्रहरूलाई सधैँ हरित अर्थतन्त्रको सल्लाह दिइरहन्छन् । अर्कोतर्फ, उनीहरू आफ्नै उत्सर्जन घटाउने प्रतिबद्धतामा पछि परेका छन् । अमेरिका, युरोपेली युनियन र चीन जस्ता मुलुकहरूले आजसम्म विश्वको करिब ७० प्रतिशतसम्म उत्सर्जन गरेका छन्, तर जलवायु वित्तको क्षेत्रमा उनीहरूको योगदान अपेक्षाकृत न्यून छ । सबैभन्दा बढी उत्सर्जनमा योगदान गरेका मुलुकहरुले त्यसलाई रोकथाम गर्ने विषयमो कार्ययोजना बनाउन नसकेको अवस्थामा नेपालले भने सबैभन्दा पहिला हुने नाममा जीवन र जीविकाको सुरक्षा गर्ने अनुकूलनका कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेको छ । नेपालमा उत्पन्न भएको जलवायुजन्य जोखिमहरुका रुपमा थामेको बाढी, मनाङ, मुस्ताङको बाढी पहिरो, गत वर्ष असोजमा गएको बाढीपहिरोका घटनालाई लिनुपर्ने हुन्छ । यी र यस्ता घटनाको अनुसन्धान गरी जोखिम न्यूनीकरणभन्दा पनि अनुकूलनका कार्यक्रमलाई प्राथमिकतामा राखेर तत्काल कार्यान्वयनमा जानुपर्ने स्थिति रहेको छ ।

विकसित मुलुकहरूले तय गरेका नीतिहरू चाहे त्यो पेरिस सम्झौताको 'भोलन्टरी' एनडिसी होस् वा ग्रिन क्लाइमेट फन्डको मोडालिटी, प्रायः विश्वका राष्ट्रहरूका लागि नीतिगत साँचो बनिरहेका छन् । तर जब त्यही मोडेल विकासोन्मुख राष्ट्रमा 'कपीपेष्ट' गरिन्छ, तब त्यो असमान शक्ति संरचना र स्रोतको सन्दर्भमा न्यायोचित हुँदैन । नेपालको तेस्रो एनडिसीमा उत्सर्जन न्यूनीकरणमा गरिएको ठूलो लगानीको कारण प्रस्ट हुन्छ कि यो एकातिर अन्तरराष्ट्रिय फन्डको आकर्षण हो भने अर्कोतर्फ विश्व मञ्चमा नेपालको 'हरित' प्रतिबद्धता देखाउने प्रयास हो । सरकारले आयोजना गर्न लागेको सगरमाथा संवादभन्दा अगाडि नै तेस्रो एनडिसी पेस गर्ने तयारी गरेको छ । यसमा पर्याप्त छलफल आवश्यक छ । अझ यसमा धेरै बहस चलाइनुपर्दछ । नेपालको अवश्यकताको विषयलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाउनु आवश्यक छ ।

नेपालका लागि अनुकूलन रणनीति कुनै वैकल्पिक नभई अस्तित्वको आवश्यकता हो । एनडिसी तेस्रोमा प्रस्तुत गरिएको अनुकूलन योजना व्यापक जस्तो देखिए पनि त्यसमा स्पष्टता, गम्भीरता र लगानीको अभाव प्रस्ट देखिन्छ । दस्तावेजमा उल्लेख भएजस्तै, कृषिमा जलवायु स्मार्ट प्रविधिको प्रयोग, वन व्यवस्थापनमा सामुदायिक सहभागिता, सहरी क्षेत्रको हरियालीकरण जस्ता उपायहरू आवश्यक छन् । तर यिनीहरूलाई कार्यान्वयन गर्न न त पर्याप्त स्रोत विनियोजन गरिएको छ, न त तिनको आन्तरिक समन्वय स्पष्ट छ । जलवायु असर सबैभन्दा बढी विपन्न, महिला, जनजाति, साना किसान, आदिवासी र अपाङ्गता भएका समुदायहरूमा पर्ने गर्दछ । तर त्यही वर्गका लागि लक्षित कार्यक्रमहरू अनिश्चित र छरिएका छन् । यस्तो बेला 'जलवायु न्याय' व्यवहारमा नभई केवल भाषणको मुद्दा बन्न पुग्छ ।

अनुकूलन र न्यूनीकरण परस्पर विरोधी रणनीति होइनन् । तर नेपालले एनडिसी तेस्रोमा न्यूनीकरणलाई अतिरञ्जित प्राथमिकता दिएर नीतिगत सन्तुलन गुमाएको देखिन्छ । सन् २०३० भित्र ५० प्रतिशत नवीकरणीय ऊर्जा, २५ प्रतिशत विद्युतीय सवारीसाधन, १५ प्रतिशत हरित भवन निर्माणजस्ता लक्ष्यहरू महत्वाकाङ्क्षी छन् । तर जब यी लक्ष्यहरू हासिल गर्न ८० प्रतिशतभन्दा बढी बजेट छुट्याइन्छ, अनि जलवायु विपद्को तत्कालीन असरसँग लड्ने उपायहरू पछि परेका छन् । यसैकारण यो नीतिगत कार्ययोजना नै कमजोर हो भन्ने पुष्टि गर्दछ । नेपालजस्ता मुलुकका लागि जलवायु योजना प्रतिकात्मक अनुपालन मात्रमा सीमित नभई अस्तित्व उन्मुख हुनुपर्छ ।

जलवायु नेतृत्व कि अभिनय ?

नेपालले हालैका वर्षहरूमा जलवायु सम्मेलनहरूमा सक्रिय उपस्थिति देखाएको छ । ग्लासगोमा प्रधानमन्त्रीको भाषणदेखि लिएर अजरबैजानसम्मको प्रतिनिधिमण्डलमा उपस्थिति उल्लेखनीय थियो । तर त्यस्तो उपस्थितिले जब राष्ट्रिय नीतिमा मेल खान्न, तब त्यो 'अभिनय' को झल्को दिन थाल्छ । हरेक वर्ष वार्षिक भ्रमणमा निस्कने सरकारी प्रतिनिधिमण्डलले बढी प्रभावित भएको मुलुकको हैसियतमा नेतृत्व गरेर अगाडि बढ्न सकिरहेको छैन । सरकारले असम्बन्धित व्यक्तिहरुलाई भ्रमण गराउने कार्यक्रममा मात्रै सीमित भएको सम्मेलनहरुलाई फलदायी बनाउने र आफ्ना एजेन्डाहरुलाई विश्वका लिडरहरुको सामू निडर भएर राख्न सक्ने हुनु आवश्यक छ । हानि, नोक्सानी र क्षतिको व्यवस्थाका लागि मुलुकभित्र नै नीतिगत सुधार गरी अध्ययन अनुसन्धान गरिनुपर्नेमा सरकारले त्यसतर्फ कुनै चासो देखाएको छैन । वन तथा वातावरण मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरु विदेश भ्रमणमा मात्रै केन्द्रित हुने तर उपलब्धि शून्य हुने परिस्थिति रहेको छ । यो विगतदेखि नै चलिआएको चलन जस्तो भएको छ । हामीले यसलाई सुधार गरेर अगाडि बढ्नु आवश्यक छ । हामीले विश्वमा जलवायु जोखिम भएका मुलुकहरुको नेतृत्व गर्नेगरी अगाडि बढ्नु आवश्यक छ । अहिलेसम्म सरकारका तर्फबाट अभिनयमात्र भइरहेको छ ।

'नेट शून्य उत्सर्जन' को लक्ष्य राम्रो छ, तर के त्यो उपलब्धि उन्मुख छ ? वा त्यो पनि 'अनुदान–उन्मुख' ? नेपालले यदि नेतृत्व दिन खोजेको हो भने त्यो व्यवहारमा देखिनुपर्छ । उदाहरणका रुपमा स्थानीय सरकारहरूलाई जलवायु नीति निर्माणमा अधिकार दिइएको छ वा छैन ? भन्ने विषयमा सोच्नुपर्दछ । स्थानीय सरकारले आफू अनुकूलको जलवायु नीति निर्माण गर्ने अधिकारभन्दा पनि सङ्घीय नीतिलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको छ । अनुकूलन बजेट विपद्को जोखिमका आधारमा विभाजन गरिएको छ कि छैन ? भन्ने विषयलाई विशेष ख्याल राख्नुपर्दछ । हामीकहाँ मनसुनजन्य विपद्सँगै जलवायुजन्य जोखिम बढिरहेको छ । गत वर्षको असोजमा गएको बाढी पहिरोले ठूलो जनधनका क्षति पुगेको थियो । यसलाई कम गर्नेतर्फ स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरी अनुकूलन बजेट प्रदान गरिनुपर्दछ । हानि तथा नोक्सानी कोषमा पहुँच सहज र पारदर्शी छ कि छैन ? भन्ने प्रश्नको उत्तर अस्पष्ट हुन्छ, तब सन्देशभन्दा बढी सङ्कल्प आवश्यक देखिन्छ ।

एनडिसी तेस्रोको समावेशी प्रयासः आशा र चुनौतीबीच नेपालले जलवायु परिवर्तनसँग जुध्नका लागि यो एउटा रणनीतिक दस्तावेज हो जसमा उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलन, वित्तीय तथा संस्थागत प्रबन्धको खाका प्रस्तुत गरिन्छ । तर एनडिसी तेस्रोको चर्चा केवल कार्बन कटौतीमा सीमित छैन । यसले समावेशिता, सामाजिक न्याय र दिगो विकासलाई पनि केन्द्रीय विन्दु बनाउने सङ्केत दिएको छ ।

एनडिसी तेस्रोले महिला, युवा, दलित, जनजाति र विपन्न समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखेको छ । योजनाको निर्माण र अनुगमन प्रक्रियामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । जलवायु कार्यक्रमहरू सामुदायिकस्तरमै कार्यान्वयन गर्नुपर्ने स्पष्ट मान्यता दिइएको छ, जुन सैद्धान्तिक रूपमा जलवायु न्यायसँग मेल खान्छ । यसले जलवायु शिक्षालाई औपचारिक प्रणालीमा समावेश गर्ने प्रयास गरेको देखिन्छ । तर यसका लागि कार्ययोजना भने स्पष्ट रुपमा उल्लेख गरिएको छैन । विद्यालय तहदेखि नै जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गर्ने नीति राखिएको छ । वातावरणीय साक्षरता बढाउन पाठ्यक्रम, शिक्षक तालिम र शैक्षिक सामग्री विकास गरिने भनिए पनि यसको प्रत्युत्पादन कस्तो हुने भन्ने स्पष्ट बनाउनु आवश्यक छ । यसले दीर्घकालमा सचेत नागरिक निर्माणमा योगदान गर्नेछ ।

ग्रामीण युवालाई लक्षित गर्दै हरित स्टार्टअप, बायो–फेर्टिलाइजर, सौर्य ऊर्जा, रिसाइकल उद्योग, पर्या–पर्यटनलगायतका क्षेत्रमा लगानी गर्ने नीति बनाइएको छ । निजी क्षेत्रलाई जलवायु स्मार्ट कृषि र नवीकरणीय ऊर्जा क्षेत्रमा आकर्षित गर्न कर छुट तथा वित्तीय प्रोत्साहनका कुरा गरिएका छन् । यसका लागि जलवायु न्यायप्रतिको नीतिगत स्वीकृति आवश्यक पर्दछ । जलवायु परिवर्तनको असर सबैलाई एउटै हुन्छ भन्ने दृष्टिकोणलाई अस्वीकार गर्दै एनडिसी तेस्रोले असमान असरको कुरा उठाएको छ । यो मान्यता नीतिगत तहमा समावेश हुनु आफैँमा सकारात्मक प्रगति हो । तर यी आशाहरू कार्यान्वयनमा भने शङ्का उत्पन्न हुन्छ । कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट आन्तरिक बजेटको प्राथमिकतामा पर्न सकिरहेको छैन ।

प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्ने जिम्मेवारी दिइए पनि त्यसका लागि स्पष्ट योजना, स्रोत र क्षमता विकास नहुँदा नीति 'थप बोझ' बन्ने खतरा छ । उदाहरणका लागि, जलवायु शिक्षा समावेश गर्ने भनिए पनि शिक्षा मन्त्रालय, विद्यालय प्रशासन र शिक्षकबीच तालमेल कसरी कायम गरिने भन्ने विषय स्पष्ट छैन । यसैगरी वित्तीय स्रोतको सीमितता पनि अर्को चुनौती हो । एनडिसी तेस्रोका लक्ष्यहरू पूरा गर्न ठूलो मात्रामा वित्तीय लगानी आवश्यक छ, तर सरकारले आन्तरिक स्रोतको सुनिश्चित नगरेको अवस्थामा अन्तरराष्ट्रिय सहायता र अनुदानमा मात्र भर पर्ने अवस्था छ । यसले नीति कार्यान्वयनलाई अनिश्चित र अस्थायी बनाउने जोखिम छ ।

यसैगरी एनडिसी कार्यान्वयनमा स्थानीयताको अभाव स्पष्ट देख्न सकिन्छ । सबै प्रदेशमा एउटै रणनीति लागू गर्ने प्रवृत्तिले स्थान विशेषका आवश्यकतालाई बेवास्ता गर्ने खतरा छ । जस्तै, कर्णाली र सुदूरपश्चिममा पहुँच, विपद् जोखिम र गरिबीको स्वरूप फरक छ । त्यहाँको जलवायु नीति पनि त्यसैअनुसार हुनुपर्ने हो । समावेशी सहभागिता बोल्न भन्दा पनि कार्यान्वयनमा चुनौती देखिन्छ । नीतिमा सहभागिता भनिए पनि त्यो कागजी हो कि वास्तविक यो प्रश्न बहसमा नै छ । प्रतिनिधित्व मात्र हैन, निर्णय निर्माणमा प्रभाव पार्ने स्तरमा महिलाहरू, युवाहरू र दलितहरू छन् कि छैनन् नहेरी समावेशीता सुनिश्चित भएको मान्न सकिँदैन ।

कार्यान्वयनको यथार्थः वित्त, समन्वय र क्षमता

एनडिसी तेस्रोको प्रभावकारिता तब मात्र मूल्याङ्कन गर्न सकिन्छ जब कार्यान्वयन पक्ष बलियो हुन्छ । तर यहाँ पनि केही चुनौतीहरू देख्न सकिन्छ । जलवायु परियोजनाहरूमा ८९ अर्ब डलर खर्चको अनुमान गरिएको छ, तर यो रकम कहाँबाट आउँछ भन्ने अझै अनिश्चित छ । आर्थिक व्यवस्थापनको विषयमा तयारी नगरी अगाडि बढ्न सकिने अवस्था छैन । स्थानीय तहहरूमा योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक तालिमको अभाव छ । मन्त्रालयहरूबीच समन्वय कमजोर छ । मुलुकमा राजनीतिक अस्थिरताविना दीर्घकालीन योजना सम्भव हुँदैन ।

विकल्प र सुझावहरूः

सम्भाव्य सुधारका बाटाहरू खोज्नु आवश्यक छ । नेपालले एनडिसी तेस्रोलाई जलवायु न्यायको वास्तविक दस्तावेज बनाउने हो भने आवश्यक सुधार कार्यक्रम ल्याउनु आवश्यक छ । अनुकूलन, न्यूनीकरण र हानी नोक्सानीबीच समानुपातिक प्राथमिकता निर्धारण गर्नुपर्दछ । यस्तै जलवायु वित्तीय योजना पारदर्शी, समावेशी र नतिजामुखी बनाउन सरकारले पहल गर्नुपर्दछ । स्थानीय सरकार र समुदायलाई क्षमता अभिवृद्धि र बजेट स्वामित्व दिने काम हुनुपर्दछ । सङ्घीयता कार्यान्वयनका लागि पनि यो अत्यावश्यक छ । सरकारले अनुदान वा ऋणमा आधारित योजनाभन्दा स्वदेशी स्रोत र हरित नवप्रवर्तनको उपयोगमा जोड दिनुपर्ने हुन्छ । सरकारले सन्देश दिने नभई परिणाम देखाउने व्यवहारमा परिवर्तन विशेषतः नीति कार्यान्वयनमा विशेष ध्यान दिनु आवश्यक छ ।

'हामी पनि जलवायु समाधानको हिस्सा बन्न तयार छौं' भन्ने सन्देश नेपालले आफ्नो एनडिसी तेस्रोमार्फत अन्तरराष्ट्रिय समुदायलाई दिएको छ । तर यो सन्देश वास्तविकताभन्दा छवि केन्द्रित भयो भने त्यसले जलवायु न्यायलाई कमजोर बनाउँछ । जलवायु सङ्कट केवल एक पर्यावरणीय मुद्दा मात्रै होइन । यो त सामाजिक, आर्थिक र राजनीतिक न्यायसँग गाँसिएको मुद्दा हो । नेपालले यदि साँच्चिकै जलवायु नेतृत्व लिन खोजेको हो भने, त्यो नेतृत्व दस्तावेजबाट होइन, व्यवहारबाट प्रमाणित हुनुपर्छ । हामीले अब चुप लाग्ने होइन, आफूभित्र हेर्ने र सन्तुलन मिलाउने समय हो । जलवायु सङ्कट हाम्रो छालामा छ । खोला, गाउँ, खेत, बस्तीमा छ । त्यसलाई गन्ने होइन, बुझ्ने र सामना गर्ने नीति बनाऔँ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिर्कताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# चिकित्सा शिक्षा आयोगको बैठकः आवासीय चिकित्सकको आन्दोलन फिर्ता गर्न आग्रह



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सोमवार बसेको चिकित्सा शिक्षा आयोगको १९औँ बैठकले निजी मेडिकल कलेजले आवासीय चिकित्सकका लागि निर्णय भएको मितिदेखि नै वृद्धि गरिएको निर्वाह भत्ता दिनुपर्ने तथा आवासीय चिकित्सकले आन्दोलन फिर्ता गरी आफ्ना काम र अध्ययनमा फर्कनुपर्ने निर्णय गरेको छ ।

आयोगको गत माघ २५ गते बसेको १६औँ बैठकले निजी मेडिकल कलेजले सरकारीसरह पिजीका आवासीय चिकित्सकलाई मासिक ४८ हजार ७३७ रुपैयाँ निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेको थियो । बैठकले निजी मेडिकल कलेजको मागलाई समेत ध्यानमा राखेर स्नातक एमबिबिएस तथा बिडिएसको सिट सङ्ख्या र शुल्क संरचना पुनरावलोकन गर्न गठित ११ सदस्यीय कार्यदलले सुझावसहितको प्रतिवेदन स्वीकार गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकमा आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीसमक्ष कार्यदलका संयोजक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा दीपक काफ्लेले प्रतिवेदन हस्तान्तरण गरे । प्रतिवेदनले चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाबमोजिम प्राविधिक समिति गठन गरी स्तर र मापदण्ड निर्धारणका अधारमा सिट सङ्ख्या तथा शुल्क पुनरावलोकनका लागि बाटो खुलेको छ । सोका लागि ऐनबमोजिम आयोगको योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयका प्रा डा सुजनबाबु मरहट्टाको संयोजकत्वमा प्राविधिक समिति गठन भएको छ । समितिमा विज्ञका तर्फबाट प्रा डा दिव्या सिंह शाह, वरिष्ठ चार्टर एकाउन्टेन्ट महेश गुरागाईं, निजी मेडिकल कलेजका तर्फबाट चार्टर एकाउन्टेन्ट सन्तोष खनाल, शिक्षा, स्वास्थ्य र अर्थ मन्त्रालयका उपसचिवहरु रहनेछन् ।

एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजले स्रोतको सुनिश्चितता नभएकाले आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता उपलब्ध गराउन आनाकानी गरेपछि प्रधानमन्त्री ओलीको अग्रसरतामा यसबीचमा आयोगका तीन बैठक बसी समाधान निकालिएको हो । बैठकपछि आयोगका सहअध्यक्ष शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले निजी मेडिकल कलेजले १६औँ बैठककै मितिदेखि निर्वाह भत्ता दिनुपर्ने निर्णय गरेकाले आवासीय चिकित्सक आन्दोलनबाट फिर्ता हुनुपर्ने बताए । उनले शुल्क पुनरावलोकनका लागि पनि प्रक्रिया सुरु हुने बताए ।रासस

# निजी क्षेत्रले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याएको छ : सभापति देउवा




**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले निजी क्षेत्रले अर्थतन्त्रको विकासमा ठूलो टेवा पु¥याएको बताएका छन । नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागद्वारा सोमवार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सभापति देउवाले मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै निजी क्षेत्रले उठाएका 'एजेन्डा' सम्बोधन गर्न सरकारले सहयोग गर्नुपर्ने बताए ।

'स्वदेशमा उत्पादित वस्तु बजार प्रवद्र्धन गर्न उद्योग व्यवसायलाई प्रवद्र्धन गर्नुपर्छ । स्वदेशी वस्तुको उत्पादन बढाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ । रोजगारी बढाउन निजी क्षेत्र र सरकारबीच समन्वय आवश्यक छ,' उनले भने, 'डिजिटल अर्थतन्त्रले पनि ठूलो हिस्सा ओगटेको छ । आगामी आर्थिक वर्षको बजेट डिजिटल अर्थतन्त्रलाई प्रोत्साहन गर्ने किसिमको हुनुपर्छ । यसबाट सूचना प्रविधिको प्रवद्र्धनमा टेवा पुग्ने छ ।'

सभापति देउवाले आगामी आर्थिक वर्षको बजेटले निजी क्षेत्रले उठाएका सवाललाई सम्बोधन गर्ने र आर्थिक क्षेत्रलाई थप चलायमान बनाउने विश्वास व्यक्त गरे ।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सत्ता समीकरणलाई निरन्तरता दिइने विश्वास दिलाए । 'अहिलेको सत्ता समीकरण निरन्तर अगाडि बढ्छ । तर यसका लागि सरकारले मन जित्ने गरी काम गर्नुपर्छ,' उनले भने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण राज्यले तयार गर्नुपर्ने र सरकारले लिएको आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न निजी क्षेत्रले सहकार्य गर्दै अगाडि बढ्ने बताए ।

नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले विदेशी नागरिकलाई 'अपार्टमेन्ट' बिक्री गर्दा फाइदा हुने भन्दै यसबाट पर्यापर्यटनको विकासमा पनि सहयोग पुग्ने बताए । कृषिमा वैदेशिक लगानी भित्र्याउन नीति अवलम्बन गर्न आवश्यक रहेको उनको भनाइ थियो ।रासस

# नागरिक उड्डयन क्षेत्रलाई थप सुरक्षित बनाउन माग



**काठमाडौँ ।**
नेपालको नागरिक उड्डयन क्षेत्र सुरक्षित गर्ने गरी कानुन बनाइनुपर्नेमा सांसदहरुले जोड दिएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेद्वारा प्रस्तुत 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावको सैद्धान्तिक छलफलमा भाग लिनुहुँदै सांसद राजेन्द्रकुमार केसीले उड्डयन क्षेत्र सुरक्षित गर्ने कानुनी व्यवस्था आवश्यक भएकाले विधेयक आएको बताए ।

बैठकमा सांसद एकनाथ ढकालले प्राधिकरण सेवा प्रदायक र नियमनकारी दुवै निकायका रुपमा काम गरिरहेकामा यो विधेयकपछि त्यस्तो अवस्थाको अन्त्य हुने बताए । यसबाट उड्डयन क्षेत्रमा सुधार हुने उनको विश्वास थियो ।

सांसद प्रेम सुवालले मन्त्रालयअन्तर्गतको संस्था स्वायत्त हुन नसक्ने भएकाले विधेयकमा स्वायत्त शब्द राख्न नहुने विचार राखे । कुन काम सरकारले गर्ने र कुन निजी क्षेत्रलाई दिने भन्ने प्रस्ट हुनुपर्ने उनको विचार थियो । सौर्य एयर दुर्घटना हुँदा त्यसको सत्यतथ्य सार्वजनिक नभएको सांसद सुवालले सुनाए ।

सांसद शिशिर खनालले नियामक र सेवाप्रदायक फरक निकाय हुने व्यवस्थाले स्वार्थको द्वन्द्व नभएर व्यवस्थित हुने विचार राखे । विधेयकमा जवाफदेही हुने नदेखिएकाले त्यसलाई मिलाइनुपर्ने उनको भनाइ थियो । सार्वजनिक पारदर्शिता र सुरक्षाको विषयलाई पनि सुनिश्चित गर्न पनि सांसद खनालले माग गरे ।

सांसद रोशन कार्कीले सञ्चालक समितिमा सरकारको नियन्त्रणले फेरि संस्थालाई राम्रो नगर्ने भएकाले खुला प्रतिस्पर्धाबाट ल्याउने व्यवस्था गनुपर्ने विचार राखे । सांसद उदयशम्शेर जबराले दुर्घटना हेर्ने छुट्टै निकायको व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

सांसद रञ्जुकुमारी झाले यसअघिको सौर्य एयरको दुर्घटना जानी बुझी भएको जस्तो देखिएकाले वायु सेवा र नागरिक उड्डयन प्राधिकरण छुट्टा छुट्टै निकाय बनाएपछि सुधार हुने आशा गरिएको बताए ।

सांसद दुर्गा राईले आइतबार सेवा प्रदायक निकायको विषयमा र आज नियमनकारी निकायका बारेमा भइरहेको छलफलले अन्तरराष्ट्रियस्तरमा नेपालको आकाश सुरक्षित छ भन्ने सन्देश दिने गरी कार्यान्वयनमा जानुपर्ने बताए ।

सांसद बिमला सुवेदीले युरोपियन युनियन र आइकाओको सुरक्षा संवेदनशीलताको चासोका बारेमा विधेयकमा केही उल्लेख नगरिएको बताईन । सांसद दामोदर पौडेल बरागीले दुर्घटना भएपछि कार्यदल बन्ने प्रतिवेदन आउने तर कार्यान्वयन नहुने विषयलाई विधेयकले केही गर्न खोजेको बताए ।

सांसद शिव नेपालीले नेपालको हवाई यातायातलाई नयाँ उचाइमा लैजान विधेयकले सहयोग गर्ने बताए ।

सांसद अमरेशकुमार सिंहले नेपालका नियामक निकाय सबै अपारदर्शितामा चलेकाले समस्या भएको बताए । अपारदर्शिताकै कारण समस्या आएकाले त्यसको समाधानमा पनि ध्यान दिन उनले अनुरोध गरे ।

सांसद लक्ष्मी तिवारीले नेपाल विश्वमा नागरिक उड्डयन क्षेत्रमा सुरक्षित छ भन्ने सन्देश दिने गरी विधेयक परिमार्जित गरिनुपर्ने बताए । सांसद जीवन परियारले नेपालको आकाश किन असुरक्षित भन्ने अन्तरराष्ट्रिय अभ्यासको अध्ययन गरी विधेयकलाई अन्तिम रुप दिनुपर्ने बताए । यो विधेयकलाई सकेसम्म प्रतिनिधिसभामै रोक्ने र नसके राष्ट्रियसभामा जान नदिने गरी षड्यन्त्र भइरहेकाले सचेत हुनुपर्ने बताए ।

सांसद रामकृष्ण यादवले नेपालको पर्यटन प्रवद्र्धन गर्न पनि यो विधेयकले सहयोग गर्ने विश्वास गरे । सञ्चालक समितिको अध्यक्ष मन्त्रीबाहेक अरू कोही हुने व्यवस्था गरिनुपर्ने उनको विचार थियो । सांसद रणेन्द्र बरालीले उड्डयन क्षेत्रमा राम्रो गर्नेहरु पदमा धेरै नटिक्ने गरेकाले कानुनसँगै यसतर्फ पनि ध्यान दिनुपर्नेमा जोड दिए । सांसद नैनकला थापाले कानुनी व्यवस्थासँगै अप्ठ्यारोमा परेका सेवाग्राहीले विषयलाई सार्वजनिक गरेमात्र सुधार हुने विचार राखे ।

सांसद सुनिता बरालले यो विधेयक यसअघि राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामै नआएकाले अहिले पनि त्यस्तो हुने वातावरण आउन नदिनेतर्फ ध्यानाकर्षण गराईन । शङ्काको सुविधालाई न्यूनीकरण गरी जवाफेहितालाई प्रवद्र्धन गर्ने विषय पनि विधेयकमा समेट्नुपर्ने उनको विचार छ ।रासस

# निर्यात वृद्धि गर्नेगरी नयाँ कृषि नीति छिट्टै ल्याइनेछ : मन्त्री अधिकारी

**काठमाडौँ ।**
कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले मुलुकमा व्यावसायिक रूपमा आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्नेगरी नयाँ कृषि नीति छिट्टै ल्याइने भएको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले २९ औँ राष्ट्रिय चिया दिवसका अवसरमा सोमवार आयोजित कार्यक्रममा उनले कृषिको क्षेत्रको समग्र विकासका लागि उत्पादन र उत्पादकत्व वृद्धि, कृषि अनुदान र कृषि वित्तसम्बन्धी नीतिहरूलाई प्राथमिकतामा राखिएको बताए ।

उक्त नीति अनुमोदनका लागि केही दिनमा मन्त्रिपरिषद् पेस गरिने बताउँदै उनले कृषि क्षेत्रका समग्र समस्या समाधान गर्न, यस क्षेत्रलाई थप आत्मनिर्भर बनाउन नीतिले सहयोग गर्ने विश्वास व्यक्त गरे ।

देशको दिगो विकासका लागि कृषि क्षेत्रको विकास आवश्यक रहेको बताउँदै मन्त्री अधिकारीले कृषि उत्पादन, कृषकको आय वृद्धि तथा आर्थिक समृद्धिलाई सरकारले प्राथमिकतामा राखेको प्रष्ट पारे ।

करिब ६० हजार रोजगारी सिर्जना गरेको चिया उद्योगलाई थप प्रोत्साहन गरी नेपाली चियालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा प्रवद्र्धन गरिने उनको भनाइ थियो ।

कृषि सचिव गोविन्दप्रसाद शर्माले कृषिमा प्रविधिको प्रयोग, गुणस्तरीय वस्तुको उत्पादन तथा निर्यातजन्य वस्तुको उत्पादनलाई वृद्धि गर्न सम्बन्धित कृषकलाई आवश्यक सहुलियत उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे ।

चियाविज्ञ चन्द्रभूषण सुब्बाले मुलुकमा उत्पादन हुने विभिन्न प्रकारका चियाको विशेषता तथा विश्व बजारमा नेपाली चियाको मागबारे कार्यपत्र प्रस्तुत गरे ।

यस वर्ष 'स्वस्थ चिया, दिगो बजार, समृद्ध नेपालको आधार !' भन्ने मूल नाराका साथ आयोजना गरिएको दिवसका अवसरमा चिया प्रदर्शनी समेत गरिएको थियो । प्रदर्शनीमा विभिन्न जिल्लाका चिया कृषक, सहकारी, उद्योगी÷व्यवसायीबीच छलफल गरिएको थियो ।

बोर्डको आव २०८०÷८१ को तथ्याङ्कअनुसार नेपालमा कूल २० हजार १६० हेक्टर जमिनमा चिया रोपण गरिएको छ । यसअवधिमा दुई करोड ७० लाख केजी तयारी चिया उत्पादन भएको छ । नेपालमा १५ हजार २०३ चिया कृषक छन् । पछिल्लो नौ महिनामा करिब तीन अर्ब ५७ करोड रुपैयाँको चिया निर्यात गरिएको जनाइएको छ ।रासस

# प्रमुख प्रतिपक्ष दलद्वारा जरुरी सार्वजनिक महत्वको प्रस्तावको सूचना

**काठमाडौं ।**
प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले आन्दोलनरत शिक्षक र चिकित्सकको माग सम्बोधनका लागि सदनमा छलफल गर्न माग गर्दै जरुरी सार्वजनिक महत्वको प्रस्तावको सूचना दिएको छ ।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले आन्दोलनरत शिक्षकसँगै पेसागत हक अधिकारका लागि आन्दोलनरत चिकित्सकहरुको आवाजलाई सरकारले बेवास्ता गरेको जनाउँदै सदनमा यस विषयमाथि छलफलका लागि प्रतिनिधिसभाको सचिवालयमा उक्त प्रस्तावको सूचना दिएका हुन ।

सो प्रस्तावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियार, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद शेरबहादुर कुँवर, आम जनता पार्टीका अध्यक्ष प्रभु साह र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले समर्थन गरेका छन ।

यस जरुरी सार्वजनिक महत्वको प्रस्तावमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धित छलफल गर्नुपर्ने छबुँदे कारण उल्लेख गरिएको छ ।

विगतमा सरकार र नेपाल शिक्षक महासङ्घबीच भएका सम्झौता कार्यान्वयन गर्न उक्त प्रस्ताव दिइएको उल्लेख गरिएको छ । 'विद्यालय शिक्षा जस्तो महत्वपूर्ण विषयप्रति सरकारको बेवास्ता गैह्रजिम्मेवारपूर्ण व्यवहारको द्योतक हो', प्रस्तावमा उल्लेख छ, 'समग्र शिक्षा क्षेत्रको उन्नयनका लागि महत्वपूर्ण मागहरु राखी स्थानीय तह, प्रदेश र राजनीतिक दलका केन्द्रीय कार्यालयहरु हुँदै शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा रिले अनशनपश्चात् काठमाडौँ केन्द्रित शिक्षक आन्दोलनप्रति सरकारको कुनै पनि गम्भीर्यता पाइएन ।' लाखौँ विद्यार्थीहरुको पठन–पाठन सञ्चालन, निर्धारित समयमा परीक्षा सञ्चालन र चिकित्सा शिक्षा आयोगले गरेको निर्णय कार्यान्वयनसँगै स्वास्थ्य सेवालाई गुणस्तरीय र सुलभ बनाउन उक्त प्रस्तावमाथि छलफल हुनुपर्ने कारण उल्लेख गरिएको छ ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । सोमवार नेप्से परिसूचक १४ दशमलव ५३ अङ्कले घटेर दुई हजार ६४७ दशमलव ७ विन्दुमा कायम भएको हो ।
आज ३२७ कम्पनीको दुई करोड ३६ लाख ८९ हजार ७१ कित्ता शेयर ७६ हजार ९९८ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९१ करोड २८ लाख ४३ हजार बराबरको कारोबार भएको छ ।
आजको कारोबारमा वित्त समूह एक दशमलव ४० र व्यापार समूह शून्य दशमलव ४२ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लगानी समूहको उपसूचक दुई दशमलव १४ प्रतिशतले घटेको हो ।रासस

# दिगो आर्थिक विकासका लागि नीति सुधारमा जोड दिनु आवश्यक छः अर्थशास्त्री प्राडा प्याकुरेल

**काठमाडौँ ।**
अर्थशास्त्री प्रा डा विश्वम्भर प्याकुरेलले नेपालको दिगो आर्थिक विकासका लागि नीति सुधारमा जोड दिनु आवश्यक रहेको बताएका छन ।
इम्बार्क कलेजको इम्बार्क रिसर्च नेटवर्कद्वारा प्रकाशित पुस्तक 'इम्बार्क रिसर्च रिभ्युः दिगो नेपालको बाटो–दिगोपन र आर्थिक समावेशीकरणमा नेपालका नीतिगत चुनौतीहरू'को विमोचन कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन ।
स्थिरता र वित्तीय समावेशीकरण नीतिगत समाधानको रूपमा अनुसन्धान शीर्षकमा आयोजित बहस सत्रमा अर्थशास्त्री प्याकुरेलले भने, 'वित्तीय पहुँच र समावेशीकरणलाई प्रवर्धन गर्न डिजिटल प्रविधि र नवीन



वित्तीय उपकरणहरूको महत्व औँल्याउँदै दिगो आर्थिक विकासका लागि नीति सुधारमा जोड दिनु आवश्यक रहेको छ ।'
नेपाल धितोपत्र बोर्ड (सेबोन)का कार्यकारी निर्देशक डा नवराज अधिकारी, काठमाडौँ फिनटेकका संस्थापक डा सञ्जीव सुब्बा लगायत उपस्थित बहस सत्रले नेपालको आर्थिक विकासमा वित्तीय समावेशीकरण र स्थिरताको भूमिका स्पष्ट पार्दै नीतिगत दिशानिर्देशहरू तयार पार्न महत्वपूर्ण सुझावहरू प्रदान गरेको छ ।
त्यस अवसरमा, इम्बार्क कलेजका प्रिन्सिपल डा स्टिफन ड्रिभर, कलेजका कार्यकारी निर्देशक आशिष ठाकुरले कलेजको उद्देश्य, शिक्षा र अनुसन्धान मार्फत् दिगो नेपालको निर्माणमा कलेजको प्रतिबद्धता तथा युनिभर्सिटी अफ रोहम्प्टनसँगको अन्तर्राष्ट्रिय सहकार्यले ल्याएको नयाँ नीति र कार्यक्रमहरूको महत्वबारे चर्चा गर्नुभयो ।रासस

# सिंहदरबारमा मेलम्चीको खानेपानी जडान गरिँदै

**काठमाडौँ ।**
देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र आगामी जेठभित्र मेलम्चीको खानेपानी वितरण गरिने भएको छ ।
सिंहदरबारभित्र रहेका मन्त्रालय, आयोग, निकाय तथा कार्यालयमा आगामी जेठभित्रै मेलम्चीको खानेपानी जडान गरिसक्ने गरी काम सुरु गरिएको खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्यले जानकारी दिईन ।
उनका अनुसार सिंहदरबारभित्र मेलम्चीको खानेपानी वितरण प्रणाली जोड्न काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) लाई निर्देशन दिइएको र सोहीअनुसार काम भइरहेको छ । खानेपानीमन्त्री प्रदीप यादवले अब सिंहदरबारमा खानेपानीका बोतल र जार निषेध गर्ने घोषणा गरिएको थियो । हाल मेलम्चीको पानी वितरण प्रणालीको काम तीव्र रुपमा अगाडि बढेको मन्त्रालयका प्रवक्ता एवं सहसचिव ई मीना श्रेष्ठले बताईन ।
उनले भनिन, 'सिंहदरबारमा बोतल र जारको पानी निषेध गर्न मन्त्रीले निर्देशन दिनुभएको छ । अब यहाँ मेलम्चीको पानी वितरणका लागि काम तीब्र रुपमा अगाडि बढेको छ ।'
मेलम्ची खानेपानी वितरण प्रणालीबाट पठाइएको पानी ढुक्क भएर पिउन मिल्ने काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का कार्यकारी प्रमुख अशोककुमार पौडेलले बताए । उनले भने, 'मेलम्चीबाट जोडिएको पानी शुद्ध र पिउन योग्य हुन्छ ।
अब चाँडै सिंहदरबारमा मेलम्चीको पानी वितरण हुन्छ ।'रासस

# मौरीपालेर वार्षिक आठ लाख बढी आम्दानी

**सुनसरी ।**
यहाँको इटहरी उपमहानगरपालिका–४ का युवराज भट्टराईले मौरीपालन गरेर वार्षिक आठ लाख रुपैयाँ बढी आम्दानी गरिरहेका छन ।
मौरी चरनका लागि मौसम अनुकूल भएमा मह धेरै उत्पादन हुन्छ ।
आधुनिक प्राविधि प्रयोग गरी मौरीपालनबाट मनग्ये आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन, भट्टराई । 'बुवाकै सल्लाहमा विसं २०७२ मा मौरीपालन सुरु गरको हुँ', उनले भने ।
हाल ६२ घार मौरी उनले पालेका छन । वार्षिक नौ देखि १२ क्वीन्टलसम्म मह उत्पादन हुने र त्यसबाट आठ लाख रुपैयाँ बढी आम्दानी गरिरहेको उनले बताए ।
सुरुमा मह उत्पादन भएपनि बजारको समस्या थियो । अहिले त्यो समस्या समाधान भएको छ ।



उत्पादित मह बिक्री हुने गरेको छ । मौरीलाई दैनिक स्याहार्नु पर्दैन । चार÷पाँच दिनमा घारको अवस्था, मौरीको सक्रियता, खानको लागि फूलको रस पुगेको छ कि छैन, रोग लागेको छ कि छैन भनेर निगरानी गर्दा हुने उनको भनाइ छ ।
भट्टराईले युरोपेली मेलिफेरा जातको मौरीपालन गरिरहनुभएको छ । यो जातको मौरी रोगप्रतिरोधी हुने र मह उत्पादन धेरै गर्छ । घारलाई भने घाम लाग्ने पारिलो ठाउँमा ठाउँमा राख्नुपर्छ । मौरीलाई फूल फुल्ने बोटबिरुवा पानीको स्रोत हुनुका साथै शान्त वातावरण आवश्यक पर्छ । त्यसैले एकदेखि दुई महिनामा स्थान परिवर्तन गराइदिने गर्नुपर्छ ।
भट्टराईको फार्ममा उत्पादित मह स्थानीय बजारका साथै विराटनगर, दमक र काठमाडौँसम्म बिक्री हुने गर्छ ।
'अनलाइन अर्डर हुँदा कुरियर गरेर पठाउने गरेको छु', भट्टराईले भने'महको मूल्य गुणस्तर, स्वाद साथै खर्च हेरेर निर्धारण गरिन्छ, ।
मैले धेरै जसो तोरी बारीमा, आँप, लिची, सूर्यमुखी फूललगायत बगानमा सिजनअनुसार मौरी चराउन लाने गरेको छु । अहिले प्रतिकेजी रु एक हजारमा मह बिक्री गर्दै आएको छु । महसँगै १० हजार रुपैयाँका दरले मौरीसहितको घारसमेत बिक्री गर्दै आएको छु', उनले भने ।
इटहरी उपमहानगरपालिकाले वर्षमा केही उपकरण र घार अनुदान दिएको छ । यसलाई अझ व्यवस्थित गर्न बजारको अध्ययनसँगै आधुनिक प्रविधिको घार, मौरीपालन सीपका लागि सरकारबाट सहयोग भएमा आम्दानीको राम्रो सम्भावना रहेको उनको भनाइ छ ।रासस

# तरबूजा खेती गरेरै जीविका चलाउँदै दुई सय परिवार



**कञ्चनपुर ।**
यहाँको शुक्लाफाँटा नगरपालिका–३ पिपलाडीका बन्धु चौधरीले स्याली नदी बगरमा उत्पादित तरबूजा बिक्री गरेरै जीविका चलाउँदै आएका । विगत १५ वर्षदेखि उनले बगरमा तरबूजाखेती गर्दै आएकाछन ।
माघमा रोपेको तरबूजा चैतको अन्तिम हप्तादेखि बिक्रीका लागि तयार हुन्छ ।
'पहिला साइकल र गोरुगाडामा राखेर गाउँगाउँ डुलाएर गहुँसँग साट्दै तरबूजा बिक्री गर्नु पर्दथ्यो', उनले भने, 'हाल अटोमा राखेर सिधै महेन्द्रगर, झलारी, अत्तरियालगायत बजारमा लगेर बिक्री गर्छौं, तरबूजा बिक्री गरेको पैसा हातोहात पाइन्छ ।'
बगरमा तरबूजा खेती गर्न वडा नं ३ का जोनापुर, पिपलाडीका बासिन्दा मात्रै संलग्न छैनन् । वडा नं ४ असैनाका स्थानीय बासिन्दाले पनि तरबूजा लगाएका छन् । उनीहरुले बगर बराबर भागबण्डा गरी तरबूजा, लौका, काँक्रा, फर्सीलगायत लहरे बाली लगाउने गर्छन् ।
एक परिवारलाई भागमा चार कठ्ठादेखि पाँच कठ्ठासम्म परेको स्थानीय बुधराम चौधरीले बताए । भागमा परेको बगरमा तरबूजालगायत खेती गरी प्रत्येक परिवारले एक सिजनमा एक लाखरुपैयाँ देखि एक लाख २० हजाररुपैयाँ सम्म आम्दानी गर्दै आएका छन् ।
बगरमा माघको पहिलो हप्तादेखि तरबूजा, लौका, काँक्रा रोप्ने गरिन्छ । 'फागुनदेखि नै काँक्रा र लौका बेच्न सुरु गर्छौं', लालु चौधरीले भने, 'तरबूजा बेच्न भने चैतको अन्तिम हप्तासम्म पर्खिनुपर्ने हुन्छ ।'
बगरमा उत्पादित लौका, काँक्रा, तरबूजा जोगाउन निकै सास्ती खेप्नुपर्ने अवस्था छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको स्याली नदीमा बगर खेती गरिएकाले जङ्गली जनावरले हरानी दिने गरेको लालुले बताए ।
उनीहरु माघदेखि नै झोपडी बनाएर बगरमा बस्ने गरेका छन् ।
'बगरमा लगाएका विरुवा हुर्काउन सिँचाइ गर्ने, मल राख्ने, गोडमेल गर्ने, छेकवार निर्माण गर्नमै दिन बित्ने गरेका छन ', अर्का स्थानीय छल्ली चौधरीले भने, 'रातिका बेला जङ्गली जनावरबाट बिरुवा र त्यसमा लागेका फलहरु जोगाउन रखवारी गर्नुपर्ने हुन्छ ।'
अझै पनि किसानलाई यी खेतीका लागि बीउ खरिद गर्न भारतीय बजारकै भर पर्नुपर्ने अवस्था छ । अरु किसानलाई अनुदान दिए जस्तै बीउ, रासायनिक मल, कीटनाशक र सिँचाइ गर्ने साधनमा अनुदान दिनुपर्ने उनीहरु बताउँछन् ।
भारतीय नागरिकले बगरमा गरेको खेती हेरेर यहाँका किसानले खेती थालेका हुन् ।
बगर खेतीको आम्दानीले वर्षभरिको घरायसी खर्चसँगै बालबालिकाको विद्यालय खर्च धानिँदै आएको स्थानीय हिंगलाल चौधरी बताउछन ।
'१५ वर्षदेखि बगरमा खेती गर्दै आएका छौँ', उनले भने, 'सहयोग कतैबाट पाइएको छैन, आफ्नै बलबुतामा खेती गर्दै आएका छौँ ।' स्याली, सनवोरा, दोदा नदीको बगरमा खेती गर्ने किसानको सङ्ख्या दुई सय बढी छन् ।रासस

# उपल्लो मुस्ताङ जोड्ने ३३ केभी प्रशारणलाइन धमाधम

मुस्ताङ ।
हिमाली जिल्ला मुस्ताङमा ३३ केभी प्रशारणलाइन विस्तार तीव्रगतिमा अघि बढेको छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ गाउँपालिका–२ कोवाङदेखि उपल्लो मुस्ताङ जोड्ने गरी लोघेकर दामोदरकुण्ड गाउँपालिका चराङसम्मको १०३ किलोमिटर दुरीमा ३३ केभी प्रशारण ट्रान्समिसनलाइन विस्तार अघि बढाएको हो ।उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङस्थित कोरलानाकासम्म हाल ११ केभी विद्युत् क्षमताको प्रशारणलाइन सञ्चालनमा छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ –२ कोवाङसम्म केन्द्रीय प्रशारणलाइनअन्तर्गत ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको पहुँच पु¥याएको छ । यसलाई जिल्लाभरि नै केन्द्रीय प्रशारण लाइनमा जोड्ने गरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको योजना अघि बढाएको हो ।
नेपाल विद्युत् प्राधिकरणको विद्युत् मापपदण्डअनुसार एक सब स्टेशनबाट अर्को विद्युत् सब स्टेशनसम्म विद्युत् प्रशारण गर्नका लागि ५० किलोमिटर भन्दामाथि जानुहुँदैन । तर मुस्ताङको कोवाङदेखि कोरलानाकासम्म करिब एक सय ५० किलोमिटर दुरीमा सिधैँ ११ केभीको विद्युत् प्रशारणलाइन सञ्चालनमा छ ।
यसैका कारण मुस्ताङ जिल्लामा पटक÷पटक विद्युत् आपूर्तिमा समस्या र चुनौती हुने अवस्था विद्यमान छ । हाल मुस्ताङको कोवाङबाट उत्तरी क्षेत्रसम्म सञ्चालन भइरहेको विद्युत् प्रशारणलाइन सिधैँ ११ केभीको हुँदा मुस्ताङका नागरिकले चरम विद्युतीय समस्या झेल्दै आइरहेका छन् । हालको ११ केभी विद्युत् लाइनको सेवाले कुनै एक स्थानमा विद्युत् समस्या आइपर्दा पूरै जिल्लामा विद्युत् आपूर्ति बन्द गर्नुपर्ने बाध्यकारी अवस्था छ ।
मुस्ताङ जिल्लाको विद्युत् प्रशारणलाइनलाई दीगो, भरपर्दो र प्रभावकारी तुल्याउन प्राधिकरणले ३३ केभी प्रशारणलाइनको ठेक्का लगाएको हो । मुस्ताङको कोवाङदेखि चैलेसम्म र चैलेदेखि उपल्लो मुस्ताङको चराङसम्म दुई सेसनमा सब स्टेशन निर्माण गरेर ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार गर्ने गरी सन् २०२३ को जुलाईमा प्याराडाइज हुलास जेकेबी जेभीसँग रु २७ करोड ६५ लाखको लागतमा ठेक्का सम्झौता गरेको जेभीका प्रतिनिधि इञ्जिनियर दीपककुमार मण्डलले बताए ।
प्राधिकरणले हालको ११ केभी प्रशारणलाइनलाई पूरै विस्थापित गर्ने गरी ३३ केभी नयाँ ट्रान्समिसन प्रशारणलाइनको काम अघि बढाएको जेभीका प्रतिनिधि इञ्जिनियर मण्डलको भनाइ छ । मुस्ताङमा ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार दुई वर्षको ठेक्का सम्झौता अनुसार सन् २०२५ को जुलाईसम्म सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ । प्राविधिकरणसँगको ठेक्कापछि प्याराडाइज हुलास जेकेबी जेभीले ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार गर्न विद्युत् पोल गाड्न ६ फिट गहिराइको खाल्डो र पिसिसी खन्ने कामसँगै विद्युत् पोल विस्तारक ९५ प्रतिशत काम सम्पन्न गरेको जेभी इञ्जिनियर मण्डलले उल्लेख गरे ।
३३ केभी ट्रान्समिसन प्रशारणलाइन अबको छ महिनाभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्ने लक्ष्यसहित प्रशारणलाइनको तार तान्ने काम तीव्रगतिमा काम भइरहेको जनाइएको छ । मुस्ताङको थासाङ गाउँपालिका–२ कोवाङदेखि जोमसोमसम्म करिब २५ किलोमिटर दुरीमा ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको तार तान्ने काम सकिएको प्याराडाइज हुलास जेकेबीले जनाएको छ ।
'अहिले जोमसोम र ठिनीलगायतका दुई÷तीन स्थानमा विद्युत् तार तान्ने काम भइरहेको छ', इञ्जिनियर मण्डलले भने, 'उपल्लो मुस्ताङमा पनि मौसम अनुकूल छ, त्यहाँ पनि अर्को टोलीलाई तार तान्ने काममा खटाउने तयारीमा छौँ ।' मुस्ताङको चराङसम्म ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको काम सकिएलगत्तै विद्युत् प्रशारणको परीक्षणस्वरुप लाइन सञ्चालनमा ल्याएर प्राधिकरणलाई हस्तान्तरण गर्ने योजना छ ।
यसैगरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी प्रशारणलाइन विस्तारका लागि मुस्ताङको वारागसङ मुक्तिक्षेत्र–३ चैले र उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड–१ चराङमा गरी दुई वटा सबस्टेशन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले ठेक्का आह्वान एकवर्ष अघिनै गरिसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिए । मुस्तङको चैले र चराङमा नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने सबस्टेशन निर्माणका लागि आवश्यक जग्गाकोसमेत व्यवस्थापन भइसकेको अध्यक्ष विष्टले उल्लेख गरे ।रासस

# चार महिनापछि यारी नाका भन्सार कार्यालय सञ्चालनमा



**हुम्ला ।**
हुम्लाको उत्तरी क्षेत्रको यारी नाका भन्सार कार्यालय चार महिनापछि सञ्चालनमा आएको छ । अत्यधिक चिसोका कारण गत पुस १० गतेदेखि बन्द भएको कार्यालय पुनः सञ्चालनमा आएको हो । कार्यालय प्रमुख रामराज जैसी पुनः हिल्सामा पुगेपछि सेवा सुरु भएको हो । 'तत्कालीन समयमा उक्त क्षेत्रमा हिउँ जम्न थालेपछि विभागलाई जानकारी गराएरै कार्यालय बन्द गरिएको थियो, कार्यालय आइतबारदेखि फेरि सञ्चालनमा आएको छ', कार्यालय प्रमुख जैसीले बताए ।
सदरमुकामबाट यारी नाका भन्सार कार्यालय जान नारा लेख काटेर जानुपर्ने हुन्छ । हिमपात हुने समयमा उक्त सडकखण्ड पूर्ण रुपमा बन्द हुन्छ । नारा लेकमा जमेका हिउँ हिल्सा सिमकोट सडक योजनाले पन्छ्याउन थालेकोले यातायात सेवा पनि चाँडै सञ्चालमा आउने अपेक्षा गरिएको छ । यातायात सेवा सञ्चालनमा आए ताक्लाकोटबाट पनि सामान आयात पुनः सुरु हुनेछ ।रासस

# सङ्घीयता विरोधी सङ्घीयताविरुद्ध दुष्प्रचार गर्दैछन्ः मुख्यमन्त्री

**महोत्तरी।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सङ्घीयताविरोधीहरुले सङ्घीयताविरुद्ध दुष्प्रचार गरिरहेको बताएका छन्। मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामो बर्दिबासमा आयोजित 'सङ्घीयतामा पूर्वाधार विकासको महत्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता' कार्यक्रममा मुख्यमन्त्री सिंहले सङ्घीयता मन नपराउने केही व्यक्ति र सङ्घसंस्थाले सङ्घीयताको दुष्प्रचार गरिरहेको बताए। सङ्घ, प्रदेश र स्थानीय तहमा सङ्घीयता आउनुपूर्व कुनै पनि विकासका ठोस पूर्वाधार नरहेको तथा सङ्घीयता आइसकेपछि विभिन्न प्रदेश र स्थानीय तह हुँदै देशभरि नै विकासका लहर आएको उनले बताए।



मुख्यमन्त्री सिंहले सङ्घीय सरकारद्वारा ठेक्का लगाइएका विभिन्न विकास योजना निर्माण व्यवसायीले अधुरै छाडेका कारण प्रदेश तथा स्थानीय तहद्वारा गरिएका विकासका कामको प्रभावकारिता नदेखिएको उल्लेख गर्दै उनले सङ्घीय सरकारलाई त्यस्ता निर्माण व्यवसायीलाई तत्काल आफ्नो काम पूरा गर्नका लागि कडाइका साथ निर्देशन दिन आग्रह गरे। सङ्घीय सरकारद्वारा ठेक्का लगाइएका ठूला योजना समयमै पूरा गरिएमा जनताले विकासको अनुभूति गर्न पाउने तथा समग्रमा राष्ट्रले विकासमा फड्को मार्ने मुख्यमन्त्री सिंहको भनाइ थियो। कार्यक्रमबाट मधेश प्रदेश सरकारलाई आगामी दिनमा विकासका कदम चाल्न मद्दत पुग्ने उनले बताए। सङ्घीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सङ्घीयताको मर्मअनुरुप नेपालका सबै प्रदेशमा उचित रुपमा विकासका कार्यक्रम सञ्चालन गरिनुपर्ने बताए। उनले संविधानले जारी गरेको हकअधिकार सदुपयोग हुने गरी नेपालको सातवटै प्रदेशको विकासमा राज्यले भूमिका खेल्नुपर्नेमा जोड दिए। प्रत्येक प्रदेशका आआफ्नै किसिमका समस्या रहेकाले त्यसलाई सम्बोधन गर्नुपर्ने मन्त्री दाहालले बताए। देशको चौतर्फी विकासका लागि सरकारले वैज्ञानिक ढङ्गले स्रोतको बाँडफाँट गर्नुपर्ने बताए। सातवटै प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीहरु मधेश प्रदेश सरकारले आयोजना गरेको कार्यक्रममा सहभागी भएर आआफ्ना प्रदेशमा गरिएका विकासका गतिविधि, अभ्यास, सम्भावना तथा चुनौती साझा गरेर विकासका मार्ग प्रशस्त गर्नुपर्ने उल्लेख गर्दै आगामी दिनमा सातवटै प्रदेशको राय, सुझावको आधारमा सङ्घीय सरकारले विकासका योजना लागू गर्नुपर्ने धारणा राखे।

**बर्दिबासमा सातै प्रदेशका भौतिक पूर्वाधार मन्त्रीहरू**

सातवटै प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीको सहभागितामा बर्दिबासमा 'सङ्घीयतामा पूर्वाधार विकासको महत्व, सम्भावना र चुनौती तथा अन्तरप्रदेशीय एकता र भिन्नता' विषयक दुईदिने कार्यक्रम शुरु भएको छ। मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा शुरु भएको कार्यक्रममा सातवटै प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीहरुले आआफ्ना प्रदेशका विकासका अभ्यासहरु, सम्भावना र चुनौती साटासाट गर्नाका साथै एक प्रदेशले अर्को प्रदेशलाई के–कसरी सहयोग गर्न सकिने भन्ने विषयहरुमा छलफल भइरहेको छ। सरकारका भौतिक पूर्वाधार विकासमन्त्री देवेन्द्र दाहाल, मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले संयुक्तरुपमा कार्यक्रम उद्घाटन गरेका थिए। सातवटै प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवहरुसमेत उपस्थित भएर आआफ्ना प्रदेशमा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको दस्तावेज प्रस्तुत गरेका थिए। विभिन्न प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्रीहरुले कार्यक्रमले सातवटै प्रदेश सरकारलाई एकापसमा जोड्ने काम गरेको, प्रदेश सरकारलाई बलियो बनाउने प्रयास गरेको तथा एकापसमा भए–गरेका कामहरुको अनुभव, चुनौती तथा सम्भावनालाई साटासाट गरेर आउँदा दिनमा थप प्रभावकारी रुपमा काम गर्ने वातावरण निर्माण गर्ने विश्वास व्यक्त गरे।

# 'हनी ट्रयाप'मा पारेर ६६ लाख ठगी



**राकेश यादव।**
**गौर।**
रौतहट, गौर नगरपालिका–५ का मिन्टु जैसवालले ३८ वर्षीय महिलाबाट ६६ लाख रुपैयाँ ठगी भएको बताएका छन्। सोमबार नेपाल पत्रकार महासंघ रौतहटमा पत्रकार सम्मेलन गरी जैसवालले गौर नगरपालिका वडा नम्बर १ की ३८ वर्षीय पुजा जैसवालले नाबालक भाइ मनिष जैसवाललाई 'हनी ट्रयाप' पारेर मोटो रकम ठगी भएको बताए। भारत, बिहारको कमतौलमा विवाह गरेकी महिलाले व्यापारका सिलसिलामा गरडा बोलाइ होटलमा बसेर चिसोमा नशाजन्य पदार्थ मिसाई खुवाई अचेत भएर सुतिसकेपछि शरीरबाट कपडा हटाइ फोटो र भिडियो बनाएर हनी ट्रयापमा पारेको मिन्टूले बताए। गौरमा रेडिमेड कपडा पसल र काठमाडौँमा व्यापार रहेकामा २८ हजार रुपैयाँको सामान अर्डर गरेर सामान दिन गएका भाइ मनिषलाई षड्यन्त्रको सिकार बनाइएको उनले बताए। कहिले पनि नशा सेवन नगर्ने भाइलाई नशा खुवाई बेहोस बनाएर आफू पनि कपडा हटाइ फोटो र भिडियो बनाउँदै पैसा मागेको र बार्गेनिङमा पछिल्लो २ वर्षमा पटकपटक गरेर ५१ लाख ७३ हजार रुपैयाँ भन्दा बढी रकम माछापुच्छ्रे बैंकबाट खातामा मगाएको बैंक स्टेटमेन्टमै देखिएको छ। पुजाले 'पैसा पठाऊ नत्र तेरो र परिवारको धज्जिया उडाइदिन्छु' भन्ने धम्की दिँदै रकम लिने गरेको पाइएको छ। भारतमा विवाह गरेकी महिलाको माइती गौर हो। भारतमा सञ्चालन गरेको खातामा पनि करिब १५ लाख रुपैयाँ पठाइएको पीडितले बताए। बैंक स्टेटमेन्टअनुसार २०८१ कात्तिक १५ गतेदेखि २५ गतेसम्म पुजा जैसवालका नाममा ६ लाख २४ हजार रुपैयाँ गएको देखिन्छ। मङ्सिर २१ गतेदेखि पुस २ गतेसम्म १ लाख ८४ हजार रुपैयाँ गएको देखिन्छ। पटकपटक रकम लिएकी पुजाले शनिबार केही पत्रकारसँग कुरा गर्दै मनिष जैसवालले ८ वर्षदेखि यौनशोषण गरेको र ८ लाख रुपैयाँ लिएको तथा विवाह गर्न नमानेको आरोप लगाएको भिडियो सार्वजनिक भएपछि मिन्टूले महिलाको असली चरित्र बाहिर ल्याएका हुन्। जैसवालका अनुसार हनी ट्रयापमा परेर महिलाका कारण आर्थिक क्षति हुनुका साथै परिवार नै तनावमा परेको बताए। पीडित मनिष महिलाको तनावले मानसिक रुपमा तनावमा आएको बताउँदै रकम ठगी गरेको विषयमा कानूनी उपचारमा जाने बताए। मनिषको विवाह हुन लागेको बेला रकम ठगी गर्ने कार्यमा संलग्न महिलाले पारिवारिक सम्बन्ध बिगार्न खोजेको मिन्टुले आरोप लगाए।

# सहकारी पीडितको अर्धनग्न प्रदर्शन



**मधेशदृष्टि**
**काठमाडौँ।**
लामो समयदेखि आन्दोलित सहकारी तथा लघुवित्त पीडितले सोमबार काठमाडौँको माइतीघर मण्डलमा अर्धनग्न भएर प्रदर्शन गरेका छन्। माइतीघर मण्डलामा जम्मा भएका सहकारी पीडितले अर्धनग्न बनेर प्रदर्शन गरेका हुन्। पीडितले कालो रङको कपडाले शरीरको भाग आधा मात्रै छोपेर प्रदर्शन गरे। यसो गरेर पीडितको आवाज नसुन्ने सरकारको प्रवृत्तिप्रति विरोध गरिएको बताइएको छ। प्रदर्शनमा सहभागीले विभिन्न माग लेखिएका प्लेकार्ड बोकेका थिए। पीडितले आन्दोलनलाई कमजोर नठान्न चेतावनी दिएका छन्। उनीहरुले 'आन्दोलन रहर नभइ बाध्यता हो', 'हाम्रो धैर्यलाई कमजोरी नठान' लगायतका नारा लेखेका प्लेकार्डसहित प्रदर्शन गरेका थिए। देशभरका सैयौँ सहकारी संस्थाको बचत रकम अपचलन हुँदा हजारौँ पीडित छन्। उनीहरू करिब एक वर्षदेखि सडकमा छन्।

# उपराष्ट्रपतिसँग बेलायतका राजदूत फेनको भेट

**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि संयुक्त अधिराज्य (बेलायत)का राजदूत रोबर्ट डोमिनिक रुसेल फेनले शिष्टाचार भेटवार्ता गरेका छन्। लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा भएको शिष्टाचार भेटमा शुभकामना आदानप्रदानपश्चात द्विपक्षीय सम्बन्धका विषयमा महत्त्वपूर्ण संवाद भएको उपराष्ट्रपति यादवको निजी सचिवालयले जनाएको छ। उपराष्ट्रपति यादवले नेपाल र संयुक्त अधिराज्यबीच सदियौँदेखि रहिआएको घनिष्ठ सम्बन्धको चर्चा गर्दै सन् १८१६ मा कूटनीतिक सम्बन्ध स्थापित भएको उल्लेख गरे। उनले दुई देशबीच भएको शान्ति तथा मैत्री सन्धिको १००औँ वर्षगाँठ सन् २०२३ मा विभिन्न कार्यक्रम आयोजना गरी भव्यताका साथ मनाएको स्मरण गरे। संयुक्त अधिराज्यलाई नेपालका प्रमुख विकास साझेदारको रुपमा उल्लेख गर्दै विपद्का घडीमा नेपाललाई प्रदान गरिएको सहयोगका लागि उनले धन्यवाद दिए। उनले पूर्व ब्रिटिस गोर्खाका जायज गुनासा सम्बोधनका लागि कूटनीतिक तहमा भइरहेका छलफललाई समयमै टुङ्गोमा पुऱ्याउन आवश्यक रहेको बताए। मे १६ देखि १८ सम्म काठमाडौँमा आयोजना हुने संवादको पहिलो संस्करणमा 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' विषयमा संयुक्त अधिराज्यबाट उच्चस्तरीय सहभागिता हुने अपेक्षा उनले व्यक्त गरे।

# तेली कल्याण समाजको कार्यावधि एक वर्ष थपिने

**मधेशदृष्टि**
**वीरगंज।**
तेली कल्याण समाजले केन्द्रीय कार्यसमितिको कार्यकाल एक वर्ष थप्ने निर्णय गरेको छ। तेली कल्याण समाज नेपालका केन्द्रीय अध्यक्ष विश्वनाथ साह तेलीको अध्यक्षतामा राणीसती आश्रम वीरगंजमा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले यस्तो निर्णय गरेको हो। यस्तै, बैठकमा समाजलाई महासंघमा रुपान्तरण गरिने निर्णय भएको छ। कार्यसमितिको बैठक प्रत्येक महिनाको पहिलो शनिबार बस्ने र विस्तारित बैठक दुई महिनामा बस्ने निर्णय भएको छ। केन्द्रीय कार्यसमितिले जिल्ला र पालिका, नगरतह, क्षेत्रीय तह, वडातहमा समिति निर्णण गरेर ६ महिनाभित्र जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ। सम्बन्धित जिल्लाका केन्द्रीय सदस्यले अनुगमन गर्ने, सहजीकरण गर्ने र केन्द्रीय पदाधिकारी तथा सदस्य नभएको जिल्लामा छिमेकी जिल्ला केन्द्रीय नेतृत्वले सहजीकरण गर्ने निर्णय भएको छ। सस्था सञ्चालनका लागि पदाधिकारीसँग ५ सय रुपैयाँ र केन्द्रीय सदस्यसँग ३ सय रुपैयाँ मासिक संकलन गरिने भएको छ। बैठकले राष्ट्रिय उपाध्यक्ष जगन्नाथ प्रसाद साहको निधनमा शोक प्रस्ताव पारित गर्दै १२ औँ दिनमा शोक सभा गर्ने भएको छ। बैठकले आगामी केन्द्रीय अधिवेशन, विधान संशोधन, समाजका विकृतिलगायतका विषयमा छलफलसहित योजना निर्माण गर्दै तेली समुदायको हकहित र संस्थागत प्रवद्र्धनका विषयमा विभिन्न पक्षमा छलफल गरेको पर्सा जिल्ला अध्यक्ष ध्रुव साहले बताए। बैठकमा उपाध्यक्ष कपिलदेव साह, नेपाली साह, निलम साह, महासचिव सत्यनारायण साह, सचिव दिलिपचन साह, कोषाध्यक्ष डा.सोनेलाल साह, सदस्यहरु शोभा देवी साह, योगेन्द्रसाह, नवल किशोर साह, रामानन्द साह, सुनिता देवी साह, नरेन्द्र प्रसाद साह, सल्लाहकार अरविन्द साह, रामचरित्र साह, राजेश्वर प्रसाद साह, जगदीश साह, पर्सा जिल्ला अध्यक्ष ध्रुव साह, बारा जिल्ला अध्यक्ष बजरंगी साह, रौतहट जिल्ला अध्यक्ष छोटेलाल साह, सर्लाही जिल्ला अध्यक्ष डा.नवल किशोर साह, महोत्तरी जिल्ला अध्यक्ष हरिनारायण साह, धनुषा जिल्ला अध्यक्ष ललित साह, सिरहा जिल्ला अध्यक्ष हजारी साह, सप्तरी जिल्ला अध्यक्ष अमृत लाल साह, सुनसरी जिल्ला अध्यक्ष अवध विहारी साह, मोरङ जिल्ला अध्यक्ष डा. बाल कृष्ण साह, झापा जिल्ला अध्यक्ष डा. संजय साह र सुर्खेत जिल्ला अध्यक्ष चन्द्र नारायण साह लगायतको उपस्थिति थियो।

# मधेशका किसानलाई राहत दिन माग

**मधेशदृष्टि**
**काठमाडौँ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा सांसद प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीकै कारण हुलाकी राजमार्ग निर्माण हुन नसकेको बताएका छन्। एमालेको मधेशविरोधी सोचका कारण हुलाकी राजमार्ग समयमै निर्माण हुन नसकेको उनले बताए। प्रतिनिधि सभाको सोमबारको बैठकमा साहले हुलाकी राजमार्गमा पर्ने मटिअर्वा–कलैया–पिलुवा सडक खण्ड अन्तरगतको कलैया बजार क्षेत्रमा पर्ने ३ किलोमिटर सडक वर्षौंदेखि ठेक्का भएर पनि निर्माण नहुनुको कारण सरकारसँग जवाफ माग गरेका छन्। 'हुलाकी राजमार्गमा पर्ने मटिअर्वा–कलैया–पिलुवा सडक अन्तरगतको कलैया बजार क्षेत्रमा पर्ने सडक निर्माण हुन नसक्दा सर्वसधारणले सास्ती खेप्नुपरेको छ। बर्षाका कारण अहिले हिलामय बनेको छ। १० वर्षौदेखि बनाउन शुरु गरिएको सडक ठेकेदारले समयमै नबनाउँदा उसमाथि कानून लाग्छ कि लाग्दैन,' साहले भने, 'खासगरी प्रधानमन्त्रीसँग मेरो प्रश्न छ, त्यहाँबाट एमालेकै मेयर, विधायक, सांसद जितेको छ। भौतिक मन्त्री, अर्थमन्त्री पनि एमालेकै छ। प्रधानमन्त्री पनि एमालेकै छ। तर पनि ३ किलोमिटर सडक कालोपत्रे हुन नसक्नुको कारण के छ ? सरकारले जवाफ दिनुपर्छ।' यस्तै आजपा अध्यक्ष साहले आइतबार राति आएको हावाहुरी र असिनापानीका कारण मधेश पुरै प्रभावित भएको बताए। बारा, रौतहट, पर्सासहितका मधेशका जिल्लामा सर्वसधारणको बालीनालीमा क्षति पुगेको र जनजीवन प्रभावित भएको छ। आँप, लिचीसहित तरकारी खेतीमा क्षति पुगेको बताउँदै उनले किसानलाई राहत दिनुपर्ने माग सरकारसँग गरे। प्राकृतिक प्रकोपबाट पीडितलाई राहत तथा अवरुद्ध सेवाहरु सुचारु गर्न उनले सरकारसँग जोडदार माग गरे। 'किसानको आँप, लिचीसहित तरकारी खेतीमा क्षति पुगेको छ। गरिबका घरको छाना उडाएको छ भने कतिपयको घर भत्किएको छ। विद्युतका पोल ढलेर विद्युत अवरुद्ध छ, सञ्चार सेवा पनि अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको छ,' साहले भने।



**जलमग्न निर्माणाधीन सडकः** पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सिरहाको लहान बजारक्षेत्रमा आइतबार राति परेको वर्षाले जलमग्न भएको निर्माणाधीन सडक। कञ्चनपुर–कमला खण्डमा चाइना रेलवे इञ्जिनियरिङ ग्रुपले चार लेनको सडक निर्माणको काम गरिरहेको छ। तस्बिरः सुदिप राउत–रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन